# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षालाई विकासको सामाजिक पूर्वाधारको रूपमा लिने गरिन्छ । केही जान्नु, सिक्नु र सोही अनुसार व्यवहारमा परिर्वतन ल्याउनुलाई  शिक्षा भनिन्छ । अर्थात् ज्ञानगुनका कुराहरू सिकेर व्यवहारमा परिर्वतन ल्याउने संवाहकको रूपमा शिक्षा लाई लिईन्छ । शिक्षाले दार्शनिक, सामाजिक, आर्थिक राजनैतिक, नैतिक, व्यवसायिक सम्पूर्ण पक्षलाई समेटेको हुन्छ । शिक्षित समाजलाई विकसित समाजको रूपमा समेत लिने गरिन्छ । त्यसकारण हरेक राष्ट्रले शैक्षिक विकासलाई विशेष प्राथमिकता दिएर लगानी गरेका हुन्छन् । शिक्षित समाजलाई सभ्य समाजको रूपमा लिने गरिन्छ । मानव सभ्यता र विकासको अवस्थालाई केलाउदा आजको सभ्य समाजको विकास हुनुमा शिक्षाको प्रमुख हात रहेको पाईन्छ । शिक्षालाई समाज तथा देश विकासको संवाहकको रूपमा लिने गरिन्छ । उन्नती र प्रगतिले सफलताको शिखर चुम्न सफल भएका राष्ट्रहरूको मुख्य आधार नै शिक्षाको विकास हो । यसरी शिक्षालाई उन्नती प्रगतिको आधार एवं पथ प्रर्दशकको रूपमा लिने गरिन्छ । शिक्षा मानव जातिको विकासको मेरुदण्ड हो । मानव विकासको विकासक्रमलाई केलाउँदा प्राचिनकाल देखि मानिसहरूले आफूले जानेका ज्ञान, सीप, व्यवहार सामाजिक मूल्य मान्यतालाई आफ्ना सन्ततीहरूमा हस्तान्तरण गर्दै आएको पाईन्छ (शर्मा,२०६८) ।

समाजमा विभिन्न समुदायहरूको बसोबास रहेको हुन्छ । नेपाल भौगोलिक रूपमा मात्र नभई सामाजिक, आर्थिक, जातजाति एवं धार्मिक रूपमा विविधता भएको राष्ट्र हो । बहुभाषिक, बहुजातिय, बहुधार्मिक राष्ट्रको रूपमा समेत परिचित नेपालमा १२५ भन्दा बढी जातजातिको बसोबास रहेको छ । उनीहरूको भाषिक, सास्कृतिक रूपमा मात्र नभई जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक रूपमा समेत विविधता रहेको पाईन्छ । नेपालको भौगोलिक प्रदेशहरूमा विभिन्न जातजातिहरूको बसोबास रहेको पाईन्छ । यहाँ ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, गुरुङ्ग जस्ता राष्ट्रिय जनसाङ्ख्यिक तथ्याङ्कमा स्पष्ट पहिचान राख्ने जातिका अतिरिक्त राई, लिम्बु, कामी, दमाई, सतार, धिमाल, चेपाङ्ग, राउटे, कुसुण्डा, माझी, कुमाल, राजी, बोटे, भोटे आदि जनजातिहरूको पनि बसोबास रही आएको छ । माध्यमिक तहसम्मको शिक्षालाई नेपाल सरकारले अनिवार्य गरेपनि अझैपनि कतिपय विद्यालय

उमेरका बालबालिका विद्यालय नगएर विद्यालय देखि टाढा रहेका छन् । विद्यालय नजानुमा कुनै एउटा कारणमात्र नभएर विभिन्न तत्वले भूमिका खेलेका हुन्छ, जस्तै आर्थिक समस्या, धार्मिक सामाजिक परिवेश, भाषा आदि प्रमुख कारण हुन् । भौगोलिक विविधता भएको ठाउँमा सबैको पहुँचमा विद्यालय नभएर पनि बालबालिका विद्यालय बाहिर रहेका हुन सक्छन् । सामाजिक एवम् आर्थिक अवस्था परिवारको शिक्षा प्रतिको दृष्टिकोणले पनि बालबालिकाको शैक्षिक अवस्थामा प्रभाव पारेको हुन्छ । यसरी नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरू मध्ये सिमान्तकृत तथा लोपोन्मुख जाति राउटे हो जुन जाति पुस्तौ देखि मध्य तथा सुदुर पश्चिमको पहाडी भेगमा घुमन्ते जिवन बिताउदै आएका राउटेहरूको एउटा समुह अहिले स्थायी रूपमा बसोबास गर्न थालेका छन् । जस मध्ये सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको डडेल्धुरा जिल्लाको दक्षिण-पश्चिम भेगमा पर्ने नवगठित परशुराम नगरपालिका वडा नं. १२ आमपानी गाँउमा ३६ घरधुरी छन् । तिनै राउटे समुदायको सामाजिक आर्थिक एवं शैक्षिक अवस्थाको अध्ययन यहाँ गरिएको छ ।

## १.२ समस्याको कथन

नेपालमा विभिन्न समुदायको बसोबास रहेको पाईन्छ । ती समुदायको सामाजिक आर्थिक लगायत शैक्षिक स्थितिमा विविधता रहेको पाईन्छ । समाजमा शिक्षाको ज्योति फैलाउने निकाय विद्यालय हो । विद्यालय एउटा शैक्षिक तथा सामाजिक संस्था पनि हो । तसर्थ विद्यालयको स्थापना गर्दा सबै समुदायलाई पायक पर्ने स्थानमा गर्नुपर्ने हुन्छ तर नेपालको भौगोलिक विविधता लगायत विविध कारणले गर्दा सबै समुदायको पहुँचमा विद्यालय स्थापना हुनसकेको पाइदैन । यसले विद्यालय जाने उमेर समूहका बालबालिकाको शिक्षामा समेत प्रभाव पारेको छ । नेपालमा शिक्षा मन्त्रालयले हरेक बर्ष विद्यार्थी भर्ना अभियान संचालन गरेर विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने प्रयास गरे पनि पूर्ण सफलता प्राप्त हुन सकेको छैन । त्यति मात्र होइन वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पछि निजी स्तरबाट धमाधम विद्यालयहरू स्थापना भएपनि सबैको पहुँचमा शिक्षा पुग्न सकेको छैन । त्यस्तै राज्यले सन् २०१५ सम्म **"सबैका लागि शिक्षा"** भन्ने नारा अङ्गिकार गरे पनि लक्ष्य अनुसार कार्य हुन सकेको छैन । यहाँ बसोबास गर्ने जातिहरूको सामाजिक, आर्थिक तथा भौगोलिक विविधताको कारणले बालबालिकाको शिक्षामा प्रभाव परेको पाईन्छ । भौगोलिक रूपमा दुर्गम क्षेत्रमा बसोबास

गर्ने तथा आर्थिक रूपमा विपन्न समुदाय अझै पनि ठुलो मात्रामा निरक्षर रहेका छन् । परिवारको आर्थिक अवस्थाले उनीहरूका बालबच्चा समेत शिक्षाको उज्यालो घामबाट बञ्चित रहेका छन् । जसमध्ये राउटे पनि एउटा यस्तो समुदाय हो जुन समुदायमा लेखपढ गर्‍यो भने देउता रिसाउछन् भन्ने अन्धविश्वास रहेको छ सोही कारण यो समुदायका अधिकाशं मानिसहरू निरक्षर रहेको पाईन्छ । यसै सन्दर्भमा राउटे समुदायको जनसाङ्ख्यिक तथा आर्थिक अवस्था कस्तो रहेको छ ? राउटे समुदायको शिक्षामा पहुँचको अवस्था कस्तो रहेको छ ? विद्यालय र बसोवास स्थल विचको दुरी कती टाढा छ ? राउटे समुदायको साक्षरताको अवस्था कस्ता रहेको छ ? राउटे बालबालिकाहरूको कक्षागत सहभागीताको स्थिति र शैक्षिक उपलब्धि कस्तो छ ? भन्ने कुराको अध्ययन गरिने हुदाँ यसलाई समस्याको रूपमा लिइएको छ ।

१. राउटे समुदायको जनसाङ्ख्यिक स्थिति के कस्तो रहेको छ ?
२. राउटे समुदायको आर्थिक अवस्था कस्तो रहेको छ ?
३. राउटे वस्ती र विद्यालय विचको दुरी के कस्तो रहेको छ ?
४. राउटे बालबालिकाहरूको कक्षागत सहभागीताको अवस्था कस्तो रहेको छ ?
५. राउटे बालबालिका र अन्य समुदायका बालबालिकाको शैक्षिक उपलब्धि के - कस्तो रहेको छ ?

## १.३ अध्ययनको औचित्य

भौगोलिक विविधताले भरिपूर्ण नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय एंव बहुधार्मिक समाजको रूपमा परिचित छ । क्षेत्रफलका हिसाबले सानो राष्ट्र भए तापनि जातजाति, धर्मसंस्कृति, भाषा, भेषभुषाको दृष्टिकोणले ठूलो र धनी देश मानिन्छ । नेपालमा प्राचीनकाल देखि नै विभिन्न जातजातिको बसोबास रहँदैं आएको कुरा नेपालको इतिहासको अध्ययनबाट थाहा हुन्छ । यीनै समुदाय मध्ये राउटे समुदाय पनि एक हो । घुमन्ते जातिको रूपमा समेत परिचित यो समुदायका मानिसहरू विस्तारै स्थायी रूपमा बसोबास गर्न थालेका छन् । समुदायका अन्य मानिसहरूसँग घुलमिल हुन थालेका छन् । आफ्ना बालबच्चाहरूलाई विस्तारै विद्यालय पठाउन थालेका छन् । तरपनि राउटे समुदायको सामाजिक आर्थिक अवस्थाले गर्दा उनीहरूको बालबच्चाको शिक्षामा प्रभाव परेको पाईन्छ । आर्थिक रूपमा विपन्न, लोपोउन्मुख तथा सिमान्तकृत समुदायको आर्थिक एवं शैक्षिक उत्थानका लागि

नेपाल सरकारले सिपमूलक तालिमहरू, शैक्षिक कार्यक्रमहरू संञ्चालन गर्नुका साथै उनीहरूलाई प्रति व्यक्ति रु २००० का दरले सामाजिक सुरक्षा भत्ता समेत सहयोग गरेको पाईन्छ तापनि उनीहरूको सामाजिक, आर्थिक तथा शैक्षिक स्तर माथि उठ्न सकेको पाईदैन । परिवारको आर्थिक एवं शैक्षिक अवस्थाले छोराछोरीहरूको शिक्षादिक्षामा प्रभाव पारेको पाईन्छ । अन्य समुदायको तुलनामा सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पछाडि रहेका छन् । राउटे जस्तो सीमान्तकृत तथा लोपोन्मुख समुदायको शैक्षिक अवस्थाको अध्ययन गरिने हुदाँ यो शोधकार्य औचित्य पूर्ण रहेको छ । यसको साथै निम्न कारणले गर्दा यो अध्ययन औचित्य पूर्ण रहेको छ :-

- राउटे समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था सम्बन्धिमा थोरै मात्र अध्ययन भएकाले पनि यो अध्ययन महत्वपूर्ण रहेको छ ।
- राउटे समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थाको बारेमा जानकारी लिन उनीहरूको आर्थिक तथा शैक्षिक सुधारका निमित्त सहयोग गर्न चाहने हरूका लागि पनि यो अध्ययन सहयोगी बन्न सक्ने भएकाले यो अध्ययन महत्वपूर्ण रहेको छ ।
- त्यसैगरी राउटे समुदायको शैक्षिक अवस्थाको बारेमा जानकारी लिन चाहने शिक्षक, अनुसन्धानकर्ता, तालिम प्रदायक संघसंस्था लगायत समाजका अन्य सम्पूर्ण सरोकारवालाहरूका लागि समेत उपयोगी हुन सक्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

राउटे समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थाको लेखाजोखा गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरू यसप्रकार रहेका छन् :

- राउटे समुदायको सामाजिक, जनसाङ्ख्यिक एवं आर्थिक अवस्थाको विश्लेषण गर्ने,
- राउटे समुदायको शैक्षिक अवस्था र विद्यालयमा पहूँचको स्थितिको लेखाजोखा गर्ने र,
- राउटे बालबालिका तथा अन्य बालबालिकाहरूको शैक्षिक उपलब्धिको तुलना गर्ने ।

## १.५ अध्ययनको परिसीमा

यो अध्ययन निम्न सिमिततामा रहेर सम्पन्न गरिएको छ :

(क) राउटे समुदायको बसोबास डडेल्धुरा जिल्लाको साथै नेपालको अन्य विभिन्न जिल्लाहरूमा रहेतापनि यो अध्ययन डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाको वडा नं १२ आमपानी गाँउमा बसोबास गर्ने राउटे समुदायमा सिमित गरिएको छ ।

(ख) यो अध्ययन डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाको वडा नं १२ आमपानी गाँउमा बसोबास गर्ने ३६ घरधुरी राउटे समुदायमा सीमित रहेकाले प्राप्त नतिजालाई अन्यत्रका राउटे समुदायमा सामान्यीकरण गर्दा नमिल्न सक्छ ।

# अध्याय दुई : सन्दर्भ साहित्यको समिक्षा

यस अध्यायमा अध्ययन संग सम्बन्धित सन्दर्भ साहित्यको पूनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक समिक्षा

नेपालको भौगोलिक स्वरूपमा विविधताले गर्दा यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरूमा विविधता रहेको पाईन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार नेपालमा १२५ जातजातिको बसोबास रहेको पाईन्छ । नेपालमा १६.६० प्रतिशत क्षेत्रीहरू रहेको पाईन्छ । त्यसैगरी ब्राह्मण १३.३३ प्रतिशत, मगर ७.१४ प्रतिशत, थारू ६.७५ प्रतिशत, तामाङ ५.६४ प्रतिशत,नेवार ५.४८ प्रतिशत, कामी ४.७४ प्रतिशत, मुसलमान ४.३८ प्रतिशत, यादव ३.९७ प्रतिशत र राईहरू २.३४ प्रतिशत रहेको पाईन्छ । यसरी राष्ट्रिय स्तरमा पहिचान बनाएका जातिहरूको अलावा अन्य लोपोन्मुख तथा सिमान्तकृत जातिहरूको पनि नेपालमा बसोबास रहेको पाईन्छ । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सबैभन्दा थोरै जनसङ्ख्या भएको जाति कुसुण्डा हो । उनीहरूको जनसङ्ख्या २७३ जना रहेको छ । त्यसपछि क्रमशः नुराङ्को २७८ जना, राउटे ६१८ जना, कलार १०७७ जना, लोहारूङ ११५३ जना, वालुङ् १२४९ जना, चिढीमार १२५४ जना, ताप्केगोला १५२३ जना, खालिङ्ग १५७१ जना र ल्होमीको जनसङ्ख्या १६१४ जना रहेको पाईन्छ (के.त.वि, २०६८) ।

नेपालका सबै भन्दा पुराना बासिन्दाहरू मध्ये राउटे पनि एक हो । यीनिहरूको बसोबास सुदुर तथा मध्य पश्चिमका पडाही जिल्लाहरूमा रहेको छ । घुमन्ते जीवन बिताउन मन पराउने यो जाति विशेषगरी सेती अञ्चलको सेतीनदी र पूर्वमा प्युठानको माडी नदी को बिचमा, दक्षिणको चुरे पहाड र उत्तरको महाभारत श्रृखला बिचको जङ्गली भागमा यीनिहरूको मूख्य बसोबास रहेको छ । यीनिहरू महाभारत नाघेर उत्तर जान जाडो मान्ने र दक्षिणमा पस्न डर मान्ने भएकाले सयौ बर्ष अगाडी देखि यो क्षेत्रमा बसोबास गर्दै आएका छन् । घर बनाएर एकै ठाँउमा बसोबास नगरी वनमा स्वतन्त्रता पूर्वक बस्न मनपराउने यो जातिले आफुहरू लाई वनको राजाको रूपमा लिने गर्दछन् । खेति नगर्ने, अन्न वा अरु चीजको बिउ रोपेर उर्मानु पाप ठान्ने राउटेहरूले टुनि, सिमल तथा खिर्रोको काठको ठेका लगायतका वस्तुहरु बनाएर अन्य समुदायका स्थानिय गाँउलेहरू सँग धान,

गहुँ लगायतका खाद्यान्न सटही गरी तथा जंगलका कन्दमुल, जंगली जनावरहरू बादर तथा गुनाको शिकार गरी जीवन निर्वाह गर्ने गर्दछन् । एक ठाँउमा स्थायी बसोबास नगरी घुमन्ते जीवन बिताउने राउटेहरू पछिल्लो समय स्थायी बसोबास समेत गर्न थालेका छन् । राउटेहरूको आफ्नै भाषा रहेको छ तर आफ्नो समुदाय भित्र आफ्नै भाषा बोल्ने गरेतापनि वरीपरीका गाँउलेहरू सँग भने नेपाली भाषामा कुरा गर्ने गर्दछन् । यसरी सरल प्रकृतिका, जङ्गली अवस्थामा अपरिस्कृत जीवन यापन  गरिरहेका राउटेहरू सबैभन्दा पुराना वा आदिकाल देखिका बासिन्दा हुन् । तर देश विकास, आधुनिकीकरण, शहरीकरण आदिका कारणले राउटेहरूको जीवनशैलि बदलिन थालेको छ । उनीहरूको परम्परागत पेशाव्यवसाय तथा बसोबास गर्ने स्थानमा परिर्वतन  आएको छ । विस्तारै घुमन्ते जीवन छोडी स्थायी रूपमा घर बनाएर बसोबास गर्न थालेका छन् । खेतिपाति गरी जीवन निर्वाह गर्न थालेका छन् । यसरी राउटेहरूको जीवनशैलि,  पेशा व्यवसाय, बासस्थान आदिमा परिर्वतन आएको छ (विष्ट, २०६८) ।

पाण्डे (२०६५) का अनुसार नेपालमा बसोबास गर्ने १२५ जातजातिहरू मध्ये ५९ जातिलाई नेपाल सरकारले आदिवासी जनजातिको मान्यता दिएको छ अर्थात् आदिवासी जनजातिमा सूचिकृत गरेको छ । यसरी आदिवासी जनजातिमा सूचिकृत हुने जातिहरू मध्ये हिमाली क्षेत्रमा १९, पहाडी क्षेत्रमा २३, भित्री मधेशमा ७ र तराईमा १० जातिको बसोबास रहेको छ । यी आदिवासी जनजातिहरूलाई पनि उन्नत समूह, सुविधा बञ्चित समूह, सिमान्तकृत समूह, अतिसिमान्तकृत समूह र लोपोन्मुख समूह गरि पाँच समूहमा वर्गीकरण गरेको पाईन्छ । यस मध्ये राउटे लोपोन्मुख समूह भित्र पर्ने एउटा मुख्य जाति हो  ।

पश्चिम नेपालका विभिन्न पहाडी जिल्लाहरूमा घुमन्ते जीवन बिताउदै आएका राउटेहरू मध्ये दाङ् र प्युठानको सिमानामा बसोबास गर्ने राउटेहरू अझै पनि जंङ्गलमा बसोबास गर्ने गर्दछन् तर डडेल्धुरा जिल्लाको दक्षिण पश्चिम भेगका राउटेहरू बर्षौ अगाडी (३० वर्ष ) देखि स्थायी रूपमा बसोबास गर्दै आएका छन् । आफ्नो परम्परागत बास स्थान, पेशा व्यवसाय छोडेर स्थायी रूपमा बसोबास गर्न थालेका राउटेहरूले अन्य समुदायका मानिसहरूले जस्तै परम्परागत खेतिपाति गरेर जीवन निर्वाह गर्दै आएका छन् । आफ्नो नाममा जग्गा जमिन समेत रहेका यहाँका राउटेहरूको लागि नेपाल सरकारले बस्ने घर समेत निमार्ण गरिदिएको छ । यहाँ राउटेहरूको कुल ३६ घरधुरी रहेको छ ।  अहिले

राउटेहरू खेतिपाती तथा ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दै आएका छन् । यसैगरी उनीहरूले आफ्नो थर राउटे नलेखी शाही, ठकुरी, मल्ल, समल, राजकोटी आदि लेख्न थालेका छन् । डडेल्धुरा जिल्लाको दक्षिण पश्चिम भेगका राउटेहरूले भने राउटे नै थर लेख्ने गरेका छन् (जि.वि.स.२०६६) ।

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सबैभन्दा थोरै जनसङ्ख्या भएको जाति कुसुण्डा हो । उनीहरूको जनसङ्ख्या २७३ जना रहेको छ । त्यसपछि क्रमशः नुराङ्को २७८ जना, राउटे ६१८ जना, कलार १०७७ जना, लोहारूङ ११५३ जना, वालुङ् १२४९ जना, चिढीमार १२५४ जना, ताप्केगोला १५२३ जना, खालिङ्ग १५७१ जना र ल्होमीको जनसङ्ख्या १६१४ जना रहेको पाईन्छ (के.त बि, २०६८) ।

वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार नेपालमा १२५ जात/जातिको बसोबास रहेको छ । ती मध्ये ५९ जातिलाई नेपाल सरकारले आदिवासी जनजातिको मान्यता दिएको छ अर्थात् आदिवासी जनजातिमा सूचिकृत गरेको छ । यसरी आदिवासी जनजातिमा सूचिकृत हुने जातिहरू मध्ये हिमाली क्षेत्रमा १९, पहाडी क्षेत्रमा २३, भित्री मधेशमा ७ र तराईमा १० जातिको बसोबास रहेको छ । यी आदिवासी जनजातिहरूलाई पनि उन्नत समूह, सुविधा बञ्चित समूह, सिमान्तकृत समूह, अतिसिमान्तकृत समूह र लोपोन्मुख समूह गरि पाँच समूहमा वर्गीकरण गरेको पाईन्छ । लोपोन्मुख समूह भित्र सुरेल,मेचे, हायु, कुसुन्डा, राउटे, लेप्चा, कुसुबाडिया, राजी,बन्करिया र किसान गरि १० वटा जातिहरू रहेका छन् (पाण्डे, २०६५) ।

नगरपालिका ऐन २०४८, तथा स्थानिय स्वायत्त शासन ऐन २०५५ ले नेपाल अधिराज्य भित्र हिमाली तथा पहाडी क्षेत्रमा १० हजार र तराईमा २० हजार जनसंख्या भएको सडक, बिजुली, खानेपानी, सञ्चार लगायत शहरी सुविधा भएको क्षेत्रलाई चार किल्ला खोलि नगर क्षेत्र तोक्न सक्ने व्यवस्था गरेको छ । यसरी तोकिएको स्थानिय नगर क्षेत्रलाई नगरपालिका भन्ने गरिन्छ । नगरपालिकालाई पनि जनसंख्या, आयस्रोत र अन्य शहरी सुविधाको आधारमा महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका गरि तीन तहमा वर्गिकरण गरिएको छ । नगर क्षेत्र वा नगरपालिका बन्नको लागि न्यूनतम मापदण्ड पुगेको क्षेत्रलाई नेपाल सरकारले नगरपालिका घोषणा गर्ने गरेको छ । यसरी नगर क्षेत्र वा नगरपालिका थपिदै गएर हाल नेपालमा २१७ नगरपालिका वा नगर क्षेत्र रहेका छन् । यीनै नगर क्षेत्र वा

नगरपालिकाहरू मध्ये एक हो परशुराम नगरपालिका । नेपाल सरकारले डडेल्धुरा जिल्लाको साविकको जोगबुढा र शिर्ष गा.वि.स लाई मिलाएर मिति २०७१ साल जेठ १३ गते नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बाट परशुराम नगरपालिकाको घोषणा गरेको हो (नेपाल सरकार २०५५) ।

शिक्षा ऐन २०२८ को सातौ शंशोधन २०५८ मा प्राथमिक तह सम्मको शिक्षा मातृभाषामा दिन पाउने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार केही मातृभाषाका पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ । राउटे समुदायको पनि आफ्नै छुट्टै मातृभाषा रहेको छ तर पनि उनीहरूको मातृभाषामा शिक्षा दिने व्यवस्था शिक्षा ऐनमा गरिएको छैन । राउटे समुदायको शैक्षिक उत्थानका लागि उनीहरूको मातृभाषामा शिक्षा दिने व्यवस्था गर्नु पर्दछ ।

यसरी जंगलमा बसोबास गर्ने, घुमन्ते जीवन बिताउने राउटेहरू विस्तारै घुमन्ते जीवन छोडी स्थायी बसोबास गरी खेतिपाती गरेर जीवन निवार्ह गर्न थालेका छन् । समाजका अन्य समुदायका मानिसहरू सँग घुलमिल हुन थालेको पाईन्छ । जंगलको राजाको रूपमा समेत परिचित राउटेहरूको आफ्नै भाषा, संस्कार र संस्कृति रहेको र आधुनिकीकरणको प्रभाव उनीहरूको  भाषा संस्कृति र संस्कारमा पनि परेको पाईन्छ । शैक्षिक संस्थामा लेखपढ गऱ्यो भने देउता रिसाउछन् भन्ने अन्धविश्वास रहेको यो समुदायका मानिसहरूले स्थायी बसोबास सँगै आफ्ना छोराछोरीहरूलाई विद्यालयमा पढाउन थालेको पाईन्छ । यीनै राउटे समुदाय मध्ये डडेल्धुरा जिल्लाको दक्षिण पश्चिम भेगमा बसोबास गर्ने राउटे समुदायको शैक्षिक अवस्थाको अध्ययन यहाँ गरिएको छ ।

## २.२ अनुसन्धान समिक्षा

राउटे एउटा लोपोन्मुख जाति हो  । उनीहरूको बारेमा खासै अध्ययन अनुसन्धान भएको पाइदैन । राउटे जस्तै अन्य सिमान्तकृत तथा लोपोन्मुख जातिहरूको बारेमा गरिएका केही अनुसन्धानात्मक शोधहरूको यहाँ समिक्षा गरिएको छ ।

**संखुवासभा जिल्लाको चेपुवा गा.वि.स.मा बसोबास गर्ने भोटे जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक स्थिति** शीर्षकमा उदास (२०५८) ले  शोधकार्य गरेका थिए । भोटे जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा पनि नेपालको उत्तर भेगमा रहेको मुख्य हिमाल र भोट हिमाल (तिब्बत

सिमाना) को विचमा रहेका अग्ला हिमाली उपत्यकामा बसोबास गर्ने जातिलाई भोटे भनिने र खोला एवं उपत्यका अनुसार थर विभाजन हुने कुरा उल्लेख गरेका छन् । उनले नेपालका अति पिछडिएका जनजाति मध्ये भोटे जाति पनि एक रहेको, आफ्नै भाषा, भेषभूषा, संस्कार र संस्कृति रहेको, आर्थिक अवस्था कमजोर रहेको, कृषि, पशुपालन व्यापार र भारी बोक्ने मुख्य पेशा रहेको निष्कर्ष निकाल्दै शिक्षाको विकासका लागि जनचेतना बढाउनु पर्ने एवं निःशुल्क शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने, रोजगारमूलक र व्यवसायिक कृषिलाई जोड दिनुपर्ने एवं भोटे जातिको उत्थानका लागि शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, पूर्वाधार विकास आदि क्षेत्रमा ध्यान दिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

तामाङ (२०६९), ले **तामाङ जातिको आर्थिक एवं शैक्षिक अवस्था** शीर्षकमा सिन्धुपाल्चोक जिल्लाको गोल्चे गा.वि.स.मा बसोबास गर्ने तामाङ समुदायको अध्ययन गरेका थिए । तामाङ जातिको आर्थिक अवस्थाको विश्लेषण गर्ने तथा शैक्षिक अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा तामाङ समुदायको आयआर्जनको मुख्य पेशा कृषि रहेको तर १५ प्रतिशत तामाङ भूमिहिन रहेको, कृषि उत्पादनबाट ६ महिना पनि जीवन निर्वाह नहुने र ज्यालादारी एवं भारी बोकेर जीवन निर्वाह गर्ने निश्कर्ष निकालेका छन् । त्यसैगरी यो समुदायमा साक्षरता दर पनि न्यून रहेको, आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक अवस्थामा असर पारेको निष्कर्ष निकालेको छ । यो समुदायको आर्थिक अवस्था निकै कमजोर रहेकाले आर्थिक स्तर उकास्नका लागि स्वरोजगारमूलक कार्यक्रम संचालन गर्नुपर्ने, व्यवसायिक कृषि प्रणालीमा जोड दिनुपर्ने तथा समुदायको शैक्षिक उत्थानका लागि निःशुल्क पाठ्यपुस्तक, पाठ्यसामग्रीको व्यवस्था, प्रौढ शिक्षा तथा जनचेतनामूलक कार्यक्रमको सञ्चालन तथा समुदायको पहुँचमा विद्यालयको स्थापना गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

ओखलढुङ्गा जिल्लाको गाम्नाङ्गटार गा.वि.स.मा बसोबास गर्ने **मगर जातिको आर्थिक अवस्था र यसले विद्यालय शिक्षामा पारेको प्रभाव** शीर्षक रोक्का (२०६८),ले शोध अध्ययन गरेका छन् । मगर जातिको आर्थिक अवस्थाको विश्लेषण गर्ने तथा विद्यालय शिक्षामा उनीहरूको पहुँचको अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा मगर समुदायको आयआर्जन एवं जिविकोपार्जनको मुख्य स्रोत कृषि भएता पनि पछिल्लो समय वैदेशिक रोजगारीले उनीहरूको आर्थिक अवस्था राम्रो रहेको, रोजगारीको लागि सेना पुलिसमा भर्ना

हुने तथा वैदेशिक रोजगारका लागि विदेश जाने गरेको, यो समुदायको साक्षरतादर पनि (६१ प्रतिशत) राम्रै रहेको, अधिकांशले माध्यमिक तहको शिक्षा पछि बिचैमा छाड्ने गरेको निश्कर्ष निकालेका छन् । बढ्दो युवा पलायनलाई रोक्नको लागि व्सायिक कृषिमा जोड दिनुपर्ने, विद्यालय शिक्षा सहज र सर्वसुलभ बनाउनु पर्ने तथा मगर समुदायको पहुँचमा उच्च माध्यमिक विद्यालयको स्थापना गरिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

चौधरी (२०७१), ***थारु बालबालिकाको विद्यालयमा पहुँच : दाङ जिल्लाको उचानिम्बु स्रोत केन्द्रको विद्यालयको नक्साङ्कन शिर्षकमा*** थारु बालबालिकाहरूको विद्यालय पहूँचको स्थिति पत्ता लगाउनु, विद्यालय आउदा सामना गर्नु पर्ने भौगोलिक कठिनाईको व्याख्या गर्ने र विद्यालय वितरणको औचित्यको लेखाजोखा गर्ने उद्देश्यले उचानिम्बु स्रोत केन्द्र अन्तरगतका १ वटा प्रा.वि, १ वटा नि.मा.वि र १ वटा मा.वि लाई नमुनाको रूपमा छनोट गरी गरिएको अध्ययनमा थारु बालबालिकाहरूको पहूँचमा विद्यालय रहेको, विद्यालयमा पर्याप्त मात्रामा थारु बालबालिकाहरूको सहभागिता रहेको, विद्यालय आँउदा विभिन्न प्रकारका कठिनाईहरू जंगलको बाटो, खोला तर्नुपर्ने, उकालो हिड्नु पर्ने र त्यसको असर विद्यालयमा नियमित उपस्थित र उनीहरूको शैक्षिक उपलब्धिमा पर्ने गरेको, समथर भूभाग भएका कारणले गर्दा विद्यालयमा आउदा यातायातको साधनको रूपमा साईकलको प्रयोग गर्ने गरेको निश्र्कष निकाल्दै थारु बालबालिकाहरूको पहूँचमा विद्यालय रहेता पनि कतै बस्ती पातलिदै त कतै बस्ती बाक्लिदै गएकाले बस्ती अनुसार विद्यालयको पुनः नक्साङ्कन गर्नु पर्ने, आर्थिक रूपमा विपन्न थारु बालबालिकाहरूलाई छात्रवृतिको व्यवस्था गर्नुपर्ने, विद्यालय आँउदा पार गर्नुपर्ने खोलाहरूमा राम्रो पुलको व्यवस्था गर्नुपर्ने, विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएकाले विद्यालयहरू गाभ्नुपर्ने अवस्था आएकाले जि.शि.का.ले त्यसमा ध्यान दिनुर्ने तथा थारु बालबालिकाहरूलाई मातृभाषामा शिक्षा दिने व्यवस्था गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

भट्ट (२०७२) ले ***श्रीनगर गाउँ विकास समितिका कार्मारोङ समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था*** शिर्षकमा शोधकार्य गरेका छन् । कार्मारोङ् समुदायको जनसाङ्ख्यिक अवस्थाको पहिचान गर्ने, उनीहरूको पेसागत विश्लेषण गर्ने, तथा उनीहरूको शैक्षिक अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको उक्त अध्ययन मुगु जिल्लाको श्रीनगर

गा.वि.सको वडा नं ४ र ५ मा बसोबास गर्ने कार्मारोङ्लाई नमुनाको रूपमा छनोट गरी घरधुरी सर्वेक्षण गरी तथ्याङ्क संकलन गरीएको उक्त अध्ययनमा मुगु जिल्लाको करान क्षेत्रमा बर्षौ देखि बसोबास गर्दै आएका, कार्मारोङ्हरूको आफ्नै भाषा, भेषभुषा, रहनसहन, मूल्य, मान्यता, संस्कार र संस्कृति रहेको, नेपाल सरकारले सिमान्तकृत हिमाली जातिको रूपमा छुट्टै मान्यता नदिएको र उनीहरूको छुट्टै तथ्याङ्क प्रकाशन नगर्ने तथा उनीहरूले पनि लामा, तामाङ् तथा गुरुङ्ग थर लेखाउने गरेका कारण वास्तविक जनसङ्ख्या एकिन हुन नसकेको, मुख्य पेशा व्यापार व्यवसाय कृषि भएतापनी पशुपालन तथा वैदेशिक रोजगारीमा समेत जाने गरेको, उनीहरूको परम्परागत पेशामा विस्तारै परिर्वतन आउदै गएको र यो समुदायमा गुम्बा शिक्षा तथा विद्यालय शिक्षाको प्रचलन रहेतापनि ठूलो सङ्ख्यामा निरक्षर रहेको निर्श्कष निकाल्दै मुगु जिल्लाको करान क्षेत्रमा बर्षौ देखि बसोबास गर्दै आएका कार्मारोङ्हरूको आफ्नै भाषा, भेषभुषा, रहनसहन, मूल्य, मान्यता, संस्कार र संस्कृति रहेकोले कार्मारोङ् समुदायलाई नेपाल सरकारले सीमान्तकृत हिमाली जातीको मान्यता दिनुपर्ने, यो समुदायमा पनि विस्तारै आधुनिकताको प्रभाव पर्दै गएकाले उनीहरूको मौलिक पेशा, रहनसहन, भेषभुषा तथा परम्पराको संरक्षणमा ध्यान दिनुपर्ने, अधिकांश कार्मारोङ्हरूको आर्थिक अवस्था कमजोर रहेकाले आर्थिक उर्पाजनको क्षेत्रमा उनीहरूलाई प्राथमिकता दिनुपर्ने तथा यो समुदायमा साक्षरता दर अत्यन्तै न्यून रहेकाले उनीहरूलाई साक्षर बनाउन उनीहरूको पहूँचमा विद्यालयको स्थापना गर्नु पर्ने, उच्च शिक्षा सम्म निःशुल्क शिक्षा एवं छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

खनाल (२०७३), ले ***वादी समुदायका वालबालिकाहरूको शैक्षिक क्षेत्रमा पहूँच*** शिर्षकमा सन्धीखर्क नगरपालिका वडा नं १ र २ मा बसोबास गर्ने वादी समुदायका मानिसहरूको अध्ययन गरेका छन् । वादी समुदायका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पहूँच तथा उनीहरूको सामाजिक सहभागितामा आएको परिर्वतनको लेखाजोखा गर्ने उद्देश्यले गरिएको उक्त अध्ययनमा नगरपालिका वा शहरी क्षेत्रमा वादी समुदायको बसोबास रहेको र विद्यालय नजिकै रहेकाले वादी बालबालिकाहरूको पहूँचमा विद्यालय रहेतापनि आर्थिक तथा शैक्षिक अवस्थाको कारण धेरै वादी बालबालिकाहरू विद्यालय नगएका र गएकाहरूलेपनि विद्यालय बिचैमा छाड्ने गरेको, शहरीकरण तथा आधुनिकीकरण का कारण वादी समुदायको पेशा तथा जीवन शैलीमा परिर्वतन आएको निश्कर्ष निकालेका छन् भने वादी समुदायका


अभिभावकहरूलाई अनौपचारिक शिक्षा तथा प्रौढशिक्षाका माध्यम बाट साक्षर बनाउनु पर्ने, आय आर्जनको लागि सिपमुलक तथा रोजगारमुखी तालिमको व्यवस्था सरकारी निकाय बाट गर्नु पर्ने तथा अन्य समुदायका मानिसहरूले वादी समुदायका मानिसहरू प्रति हेर्ने दृष्टिकोणमा सुधार ल्याउनु पर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

***मगर बालबालिकाहरूको शैक्षिक उपलब्धिमा घर र विद्यालय बीचको दुरीको प्रभाव*** शिर्षकमा खड्का (२०७३),ले अध्ययन गरेको पाईन्छ । धनकुटा जिल्ला लाई अध्ययन क्षेत्रको रूपमा लिई गरिएको यसमा मगर जातिको आर्थिक, सामाजिक अवस्थाको पहिचान गर्ने, घर र विद्यालय बिचको दुरीले बालबालिकाहरूको नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने उद्देश्य राखिएको र आर्थिक अवस्था, भौगोलिक विकटता एवं समुदाय विद्यालय बिचको दुरीको कारण मगर बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रभाव परेको र बालबालिकाहरू विद्यालय आउदाँ विभिन्न प्रकारका भौगोलिक कठिनाईहरू पार गर्नु पर्ने हुदाँ त्यसको असर विद्यालयमा नियमितता देखि शैक्षिक उपलब्धिमा समेत रहेको निश्कर्ष निकालेको पाईन्छ भने मगर बालबालिकाहरूको शैक्षिक स्थितिमा सुधार ल्याउनको लागि उनीहरूलाई छात्रवृत्तिको व्यवस्था, मगर समुदायको आर्थिक स्थितिमा सुधार ल्याउन रोजगारमुखि तालिमको व्यवस्था गर्नु पर्ने, मगर समुदायको पहूँचमा विद्यालयको स्थापना गर्न पहल गर्नु पर्ने तथा विद्यालय आउदाँ पार गर्नुपर्ने खोलाहरूमा पुलको व्यवस्था सरकारी स्तरबाट हुनु पर्ने तथा समुदायमा सचेतता अभवृद्धी गर्ने खालका कार्यक्रम संञ्चालन गर्नुपर्ने तथा टाढाबाट आउने विद्यार्थीहरूको लागि छात्राबासको व्यवस्था गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेको पाईन्छ ।

यसरी विभिन्न समुदायको शिक्षामा पूहँचको स्थितिसँग सम्बन्धित रहेर गरिएको अध्ययनमा परिवारको सामाजिक आर्थिक अवस्थाले बालबालिकाहरूको शिक्षामा पनि प्रभाव परेको, उनीहरूको साक्षरता दर नेपालको कुल साक्षरता दर भन्दा कम रहेको, उनीहरूका लागी शिक्षामा गरिएको लगानी त्यति प्रभावकारी हुन नसकेको र विद्यालय उमेर समुहका बालबालिकाहरू विद्यालय शिक्षाबाट बन्चित रहेको निश्र्कष निकालेको पाईन्छ ।

## २.३ सैद्धान्तिक ढाँचा

कुनै पनि समुदायको समाजिक आर्थिक एवं शैक्षिक पक्षहरु लाई विभिन्न तत्वहरुले प्रभाव पारेको हुन्छ । समाजमा बसोवास गर्ने मानिसहरुको आर्थिक अवस्था समान नभएका कारणले पनि त्यसको प्रभाव उनीहरुका बालिबालिकाको शिक्षामा परेको पाईन्छ । समाजमा रहेका विभिन्न जातजाती हरुको आ-आफ्नै सामाजिक एवं साँस्कृतिक विशेषता रहेको हुन्छ जुन विशेषताका कारण उनीहरुको शैक्षिक अवस्थामा पनि प्रभाव पारेको हुन्छ । राउटे समदायको सामाजिक, साँस्कृति अध्ययन तपसिलको अवधारणात्मक ढाँचा अनुसार भित्र रहेर सम्पन्न गरिएको छ ।




माथि उल्लेखित अवधारणात्मक ढाँचा अनुरुप राउटे समुदायको सामाजिक, आर्थिक एवं शैक्षिक अवस्थाको लेखाजोखा यस शोध अध्ययनमा गरिएको छ ।

## २.४ पुनरावलोकनको उपयोगीता

नेपाल सरकारले शिक्षालाई अनिवार्य गरेपनि कतिपय विद्यालय उमेरका बालबालिका विद्यालय नगएर विद्यालय बाहिरै रहेका छन् । विद्यालय नजानुमा कुनै एउटा कारण मात्र नभएर विभिन्न कारणहरू हुन सक्दछन् । भौगोलिक विविधता भएको ठाउँमा सबैको पहुँचमा विद्यालय नभएर बालबालिका विद्यालय बाहिर रहेका हुन सक्छन् । **सामाजिक एवम् आर्थिक अवस्था,**परिवारको शिक्षा प्रतिको दृष्टिकोणले पनि बालबालिकाको शैक्षिक अवस्थामा प्रभाव पारेको हुन्छ । विभिन्न समुदायको आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभाव संग सम्बन्धित भएर गरिएका विभिन्न सोध अध्ययनहरुमा समाजका सबै वर्ग र समुदायका मानिसहरुको पहुँचमा विद्यालय शिक्षा पुग्न नसकेको निश्कर्ष निकालेको पाईन्छ । समुदायका सबै बालबालिकाहरुले सहज रुपमा शिक्षा हासिल गर्ने वातावरणको निर्माण भएको अवस्थामा मात्र **सबैको लागि शिक्षा** सार्थक हुने निश्कर्ष ती अध्ययनहरुमा निकालेको पाईन्छ । विभिन्न शोध अध्ययनहरुमा समुदायको सामाजिक, आर्थिक एवं शैक्षिक अवस्था एक अर्कासंग अर्न्तसम्बन्धित हुने कुरा लाई पनि जोड दिएको पाईन्छ । यसरी विभिन्न समुदायको शैक्षिक अवस्था सम्बन्धि अध्ययनको समिक्षाको आधारमा राउटे समुदायको शैक्षिक अवस्थाको अध्ययन कार्यलाई अगाडी बढाइएको छ । तसर्थ पूर्व साहित्यको समिक्षा उपादेयपूर्ण रहेको छ ।

# अध्याय तीन : अध्ययन विधि

यस अध्यायमा अनुसन्धान ढाँचा, अध्ययनको जनसंख्या र नमुना छनैट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलन प्रक्रिया तथा तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया आदि कुराहरू समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा गुणात्मक तथा मात्रात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिनेछ । घरधुरी सर्वेक्षण बाट आएका तथ्याङ्कहरू तालिकिकरण गरि प्रस्तुत गरिने छ भने प्रश्नावली, सामुहिक छलफल तथा अवलोकनबाट प्राप्त जानकारीहरूलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट

यस अध्ययनका लागि अध्ययन क्षेत्रका रूपमा डडेल्धुरा जिल्ला परशुराम नगरपालिकाको वडा नं. १२ आमपानी गाउँलाई छानिएको छ किनकी यहाँ राउटे समुदायको बसोबास रहेको छ । अध्ययन क्षेत्रको छनोट अनुसन्धानकर्ताको पायक पर्ने, परिचित तथा सीमित स्रोत साधनको दृष्टिकोणले सुविधाजनक नमुना छनोट विधिबाट स्वविवेकले गरिएको हो । यो क्षेत्रमा राउटे समुदायको बसोबास रहेको र उनीहरूको पर्याप्त अध्ययन अनुसन्धान कार्य नभएको हुदाँ राउटे समुदायको शैक्षिक अवस्थालाई प्रकाशमा ल्याउनका लागि यो क्षेत्र छनोट गरिएको हो ।

## ३.३ तथ्याङ्कका स्रोत

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क यस अध्ययनको प्रमुख आधार हो । अन्तर्वाता सूचीको सहायताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । विद्यालयका प्रधानाध्यापक तथा शिक्षकलाई प्रश्नावली भराईएको छ भने स्थानीय बुद्धिजीवी, सामाजिक अगुवा, राजनीतिक दलका

प्रतिनिधिहरू तथा अन्य समुदायका मानिसहरूसँग पनि अन्तर्वार्ता तथा छलफलका माध्यमबाट थप सूचना संकलन गरिएको छ ।

### ३.३.२ द्वितीयक तथ्याङ्क

त्यसैगरी द्वितीयक तथ्याङ्कको स्रोतको रूपमा प्रकाशित तथा अप्रकाशित पुस्तक, लेख रचना, शोधपत्र, अनुसन्धान प्रतिवेदन आदिको प्रयोग गरिएको छ ।

## ३.४ जनसङ्ख्या तथा नमुना छनोट

डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाको वडा नं १२ आमपानीमा ३६ घरधुरी राउटे समुदायको बसोबास रहेको छ । यस अध्ययनमा ती सबै राउटे घरधुरीलाई समावेश गरिएको छ । यसरी अध्ययन क्षेत्रमा रहेका ३६ घरधुरी राउटे समुदाय नै अध्ययनको जनसङ्ख्या रहेको छ ।

**विद्यालयको छनोट** : राउटे समुदायको बसोबास रहेको परशुराम नगरपालिका वडा नं १२ आमपानीमा रहेको श्री वि.पि प्राथमिक विद्यालयलाई नमुना विद्यालयको रूपमा छनोट गरिएको छ । नमुना छनोटमा परेको विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई पनि अध्ययनमा समावेश गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरू

प्राथमिक तथ्याङ्क संकलनको प्रमुख आधार अन्तर्वाता सूची हुनेछ । राउटे समुदायको शैक्षिक अवस्था सम्बन्धि तथ्याङ्कको संकलन घरधुरी सर्वेक्षणबाट गरिने छ । यसको लागि संरचित अन्तर्वाता सूचीको प्रयोग गरिएको छ । त्यसैगरी प्रश्नावली, अवलोकन तथा सामुहिक छलफलबाट पनि थप तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अनुसन्धान कार्यका निमित्त प्राथमिक र द्वितीयक दुई प्रकारका स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्क संकलन गर्न निम्न प्रक्रिया अपनाइएको थियो :

शोधकर्ता अध्ययन क्षेत्र परशुराम नगरपालिकाको वडा नं १२ मा पुगी त्यहाँ बसोबास गर्दै आइरहेका राउटे समुदायका व्यक्तिलाई उत्तरदाता बनाई घरघुरी सर्वेक्षण गरी तथ्याङ्क संकलन गरियो । विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई प्रश्नावली भराई विद्यालयबाट आवश्यक तथ्याङ्क संकलन गरियो ।

त्यसैगरी स्थानीय बुद्धिजीवी, सामाजिक अगुवा, राजनीतिक दलका प्रतिनिधिहरू तथा अन्य समुदायका मानिसहरू सँग पनि अन्तर्वार्ता तथा सामुहिक छलफलका माध्यमबाट थप सूचना संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषणका लागि मात्रात्मक तथा गुणात्मक विधिको प्रयोग गरिएको छ । स्थलगत सर्वेक्षण पश्चात् संकलित सूचनाहरूलाई आवश्यकता अनुसार तालिकीकरण गरिएको छ भने तथ्याङ्क विश्लेषणमा सामान्य साङ्ख्यिकीय विधिको पनि प्रयोग गरिएको छ । यसैगरी चित्र तथा नक्साहरूलाई पनि तथ्याङ्क विश्लेषणमा प्रयोग गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय


## ४.१ भौगोलिक अवस्था

### ४.१.१ अवस्थिति, सिमाना र क्षेत्रफल

सुदुरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलका ४ वटा जिल्लाहरू मध्ये डडेल्धुरा जिल्ला पनि एक हो । डडेल्धुरा जिल्लालाई एक संसदीय निर्वाचन क्षेत्र तथा ९ वटा इलाकाहरूमा विभाजन गरिएको छ । यस जिल्लामा १८ वटा गाउँ विकास समिति र २ वटा नगरपालिका रहेका छन् । अधिकांश पहाडी भू-भाग र केही भित्री मधेशको भू-भाग रहेको डडेल्धुरा जिल्लाको सदरमुकाम खलङ्गा हो ।

डडेल्धुरा जिल्ला विश्वमानचित्रमा २८$^{\circ}$५९' उत्तर देखि २९$^{\circ}$२६' उत्तरी अक्षांश र ८०$^{\circ}$१२' पूर्वी देशान्तर देखि ८०$^{\circ}$४७' पूर्वी देशाान्तरसम्म फैलिएको छ । यो जिल्लाको पूर्वमा सेती नदीले डोटी जिल्ला सँग, पश्चिममा महाकाली नदीले भारतको चम्पावत जिल्लासँग, उत्तरमा घनघस्याको पर्वत श्रेणीले वैतडी जिल्लासँग र दक्षिणमा चुरे पर्वत श्रेणीले कञ्चनपुर तथा कैलाली जिल्लासँग सिमाना छुट्याएको छ । उत्तर-दक्षिण फैलिएको डडेल्धुरा जिल्लाको कुल क्षेत्रफल १,५३८ वर्ग कि.मी रहेको छ ।

डडेल्धुरा जिल्लामा पर्ने परशुराम नगरपालिका भित्रिमधेशमा रहेको नगरपालिका हो । नेपाल सरकारले २०७१ जेष्ठ १३ गते जोगबढा र शिर्ष गा.वि.स. लाई मिलाएर परशुराम नगरपालिकाको घोषणा गरिएको थियो । साविक शिर्ष गा.वि.स. मा रहेको प्रसिद्ध धार्मिक स्थल परशुरामधाम को नामबाट यस नगरपालिकाको नामाकरण गरिएको पाईन्छ । ४२६.८७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको पूर्वमा आलिताल र गांखेत गा.वि.स., पश्चिममा भारतको चम्पावत जिल्लासंग सिमाना छुटि्एको छ भने उत्तरमा महाभारत लेक, रूपाल र वगरकोट गा.वि.स. तथा दक्षिणमा कंचनपुर जिल्ला रहेको छ ।




चित्र १ : अध्ययनको क्षेत्रको अवस्थिति

### ४.१.२ भू-आकृति तथा धरातलीय स्वरूप

डडेल्धुरा जिल्लाको दक्षिणमा चुरे पवर्त श्रेणी तथा मध्य भागमा महाभारत एवं घनघस्याको पर्वत श्रेणी रहेको छ । यस जिल्लाको दक्षिणमा चुरे श्रेणी तथा महाभारत श्रेणीको बीचमा भित्री मधेश/जोगबुढा उपत्यका रहेको छ । दक्षिणको चुरे श्रेणीमा औसत ६०० मी.उचाईका पहाडहरू रहेका छन् ।

महाभारतको श्रेणी पर्ने अन्य पहाडी क्षेत्रमा मानिसको बसोवास पातलो रहेको पाईन्छ भने जोगबुढा उपत्यकामा समतल तथा उब्जाउ भूमि भएकोले घना वस्ती रहेको पाईन्छ । जोगबुढा उपत्यका जिल्लाको खाद्यान्न उत्पादनको मुख्य क्षेत्र हो । पूर्व-पश्चिम फैलिएका चुरे श्रेणी सँग समानान्तर रूपमा फैलिएको जोगबुडा उपत्यकाको पूर्वबाट पश्चिमतिर रंगुन नदी बहने गर्दछ । जुन जोगबुढाको लागि बरदान सावित भएको छ । त्यस्तै जिल्लाको मध्य भागमा पूर्व-पश्चिम भई महाभारत पर्वत श्रेणी फैलिएको छ । यी पर्वत श्रेणीहरू औसत २००० मी.सम्मको उचाईका रहेका छन् । महाभारत श्रेणीले डडेल्धुरा जिल्लालाई पहाड र भित्री मधेश गरी दुई भागमा बाँडेको छ । पहाडी भागको ठीक उत्तरमा पूर्व-पश्चिम घनघस्याको पर्वत श्रेणी रहेको छ । यस श्रेणीमा सवै भन्दा उचो डाँडा घनघस्याको लेक हो यसले डडेल्धुरा जिल्लालाई वैतडीबाट अलग गरेको छ ।

परशुराम नगरपालिका चुरे पर्वत र महाभारत पर्वतको विचमा रहेको भित्रि मधेशको उपत्यका क्षेत्र हो । यस नगरपालिकाको को उचाई औसत ६०० मिटर देखि २१०० मिटर सम्म फैलिएको छ अर्थात फैलावट बाट नै थाहा हुन्छ कि यो नगरपालिकामा भौगोलिक विविधता निकै रहेको छ, तसर्थ नगरपालिकाको अधिकांश भुभाग समथर रहेको छ । नगरपालिकाको उत्तरमा महाभारत लेक रहेको छ भने दक्षिणमा चरे श्रेणी रहेको छ । यो नगरपालिका अर्न्तगत पर्ने जोगबुढा उपत्यका जिल्लाकै खाधान्न उत्पादनको मुख्य क्षेत्र हो । जोगबुढा उपत्यकालाई रंगुन नदिले सिंचत गरेको छ । यसरी नगरपालिका को भुबनोट केहि समथर र केही भिराले परेको छ ।

### ४.१.३ जलश्रोत ( प्रवाह प्रणाली )

नेपालको प्रमुख नदीहरू मध्येको एक महाकाली नदी डडेल्धुरा जिल्लाको पश्चिम सीमाना भएर बहेको छ । यो नदी उत्तरबाट दक्षिणतिर प्रवाहित रहेको छ । यसको प्रमुख सहायक नदी सुर्नाया गाड हो जसले वैतडी र डडेल्धुरा जिल्लाको सिमाना छुट्याएको छ । जिल्लाका अन्य नदी तथा खोलाहरूमा रंगुनगाड, जोगबुडा, ठूलीगाड तथा तिलाडी गाड हुन् । सिंचाई, जलविद्युत उत्पादन, मत्स्य उत्पादनदेखि लिएर निर्माण कार्यका लागि बालुवा, कंक्रीट तथा ढुङ्गा प्रदान गर्ने कार्यमा यी नदीहरूको महत्वपूर्ण भूमिका रहेको पाईन्छ । आलीताल गा.वि.स. मा रहेको आलिताल डडेल्धुरा जिल्लाको प्रसिद्ध ताल हो । अहिले ताल रहेको क्षेत्र रमणीय पर्यटकीय स्थलको रूपमा विकसित हुँदै गइरहेको छ । महाभारत पर्वत बाट उत्पति भई परशुराम नगरपालिकाको करिब करिब मध्य भाग भएर वगेको रंगुन नदि महाकाली नदीमा मिसिएको छ । महाकाली र सेती नदि पछिको, यस नगरपालिकामा भएर वग्ने रगुंन नदि डडेल्धुराको तेस्रो ठुलो नदी  हो ।

### ४.१.४ बनस्पति

जिल्लाको कुल क्षेत्रफलको ७६ प्रतिशत अर्थात् १५,००० हेक्टर भू-भाग वनक्षेत्रले ओगटेको छ । यो जिल्ला नेपाल अधिराज्यमा नै सवैभन्दा बढी वन क्षेत्र भएको जिल्ला पनि हो । यस जिल्लामा  ३ प्रकारका वनजङ्गल पाईन्छन् । दक्षिणको चुरे श्रेणीमा पतझर, भित्री मधेश क्षेत्रमा मिश्रित र अन्य पहाडी क्षेत्रमा सदावहार बनस्पती पाईन्छ । डडेल्धुरा जिल्लाको वनलाई पनि संरक्षणको आधारमा सामुदायिक वन, सरकारी वन, निजी वन तथा कवुलियत

वन गरी विभिन्न वर्गमा वाँडेको पाईन्छ । यी वन क्षेत्रमा बाघ, चितुवा भालु बाँदर, चराचुरुङ्गी तथा सर्प आदि पशुपंक्षीहरू पाइने गर्दछ । परशुराम नगपालिकाको धेरै जस्तो भुभागमा सदावहार खालका वनस्पति पाईन्छ जस्तै साल, सिसम, खैर जस्ता वनस्पति पाईन्छन् भने नगरपालिकाको उच्च भुभागमा काफल, उत्तीस, सल्ला जस्ता पतझर वनस्पतिहरू पाईन्छन् । भने यस क्षेत्रमा करिब २००० हेक्टर जति वन क्षेत्रले आगटेको छ अर्थात यो जिल्लाको कुल वनक्षेत्रको १३.३३ प्रतिशत वन यस नगरपालिकामा रहेको छ । अतः यस क्षेत्रलाई वनस्ततिको हिसाबले डडेल्धुराको काठको भण्डार नै भन्ने गरिन्छ ।

### ४.१.५ हावापानी

डडेल्धुरा जिल्लाको भौगालिक विविधता अनुसार यहाँ विभिन्न किसिमको हावापानी पाईन्छ । भित्री मधेश अन्तरगत पर्ने जोगबुढा क्षेत्रमा उपोष्ण किसिमको हावापानी पाईन्छ । तसर्थ यो क्षेत्रमा बढी गर्मी हुने गर्दछ । जिल्लाको अन्य पहाडी भागमा भने न्यानो तथा ठण्डा समशितोष्ण हावापानी पाईन्छ । सोही कारण यो क्षेत्रमा जाडो धेरै हुने गर्दछ । जिल्लाको सदरमुकाममा एउटा मौसम मापन केन्द्र समेत रहेको छ । जसले समय समयमा जिल्लाको मौसम सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने गर्दछ । यसरी जिल्लाको भित्री मधेश तथा चुरे श्रेणीमा उपोष्ण मनसुनी तथा महाभारत श्रेणी एवं सदरमुकाम आसपासको क्षेत्रमा समशितोष्ण प्रकारको हावापानी पाईन्छ । मौसम अवलोकन केन्द्र डडेल्धुराका अनुसार डडेल्धुरा जिल्लाको औषत अधिकतम तापक्रम ३०$^{\circ}$ डिग्री सेन्टीग्रेड र न्यूनतम औषत ७$^{\circ}$ डिग्री सेन्टीग्रेड सम्म रहेको पाईन्छ । यहाँ सन् १९९९ मे १२ गते सबै भन्दा गर्मी ३०.३$^{\circ}$ सेन्टिग्रेड तापक्रम मापन गरिएको थियो । जिल्लामा हिउँदमा सरदर ५० मिलिमिटर र ग्रिष्ममा १८७ मीलीमिटर सम्म वर्षा हुने गरेको पाईन्छ । यसरी जिल्लाको औषत बार्षिक बर्षा १४० मिलिलिटर सम्म हुने गरेको पाईन्छ । जिल्लामा असार, श्रावण र भाद्र महिनामा बढी बर्षा हुने र यी महिनामा कुल वर्षाको ८० प्रतिशत सम्म वर्षा हुने गरेको पाईन्छ । यस नगरपालिकामा अर्धोष्ण किसिमको हावापानी पाईन्छ गर्मीमा धेरै गर्मी हुने गर्दछ भने हिउद शितलहरले गर्दाखेरि चिसो हुने गर्दछ । यस न.पा. अधिकांश भागमा गर्मीयाममा ३०$^{\circ}$ देखि ३८$^{\circ}$ सेल्सियस सम्म तापकम हुन्छ भने हिउँदमा ५$^{\circ}$ देखि १०$^{\circ}$ सेल्सियस तापकम हुने गर्दछ । यस न.पा. मा औसत वार्षिक वर्षा १३५ मिलिलिटर जति हुने गर्दछ । यस नगरपालिकामा भौगोलिक विविधताले गर्दा हावापानी फरक हुने गर्छ न.पा. का अधिकांश

स्थान गर्मी भएतापनि केही स्थान महाभारत पर्वत संग सिमाना भएका स्थानहरूमा न्यानो हुने गर्दछ ।

## ४.२ सामाजिक तथा आर्थिक अवस्था

### ४.२.१ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार डडेल्धुरा जिल्लाको कुल जनसङ्ख्या १,४२,०९४ रहेको छ । कुल २७,०४५ घरधुरी तथा ९५१ बस्ति रहेको यस जिल्लामा पुरुषको संख्या ६६,५५६ (४६.८३ प्रतिशत) र महिलाको संख्या ७५,५३८ (५३.१६ प्रतिशत) रहेको छ । ९९.०४ व्यक्ति/वर्ग कि.मी. जनघनत्व रहेको यस जिल्लामा ब्राह्मण तथा क्षेत्री जातिको बाहुल्यता रहेको पाईन्छ । त्यसैगरि २०६८ को तथ्यांक अनुसार परशुराम नगरपालिकाको कुल जनसंख्या ३४,९८३ रहेको छ कुल ५९९० घरधुरी रहेको परशुराम नगरपालिकामा पुरुषको जनसंख्या १६७९४ (४८ प्रतिशत) र महिलाको जनसंख्या १८१८९ (५२ प्रतिशत) रहेको छ । यसरी परशुराम नगरपालिकामा पनि पुरुष भन्दा महिलाको जनसंख्या बढी रहेको पाईन्छ । परशुराम नगरपालिकामा पनि ब्राह्मण तथा क्षेत्री जातिको बसोबास बढी रहेको पाईन्छ । यस परशुराम नगरपालिका वडा नं. १२, आमपानी गाउँ राउटे वस्तीमा जम्मा ३६ घरधुरी र २०९ जनसंख्या रहेको छ । जसमध्ये ९९ पुरुष र ११० महिको जनसंख्या रहेको छ ।

### ४.२.२ शैक्षिक अवस्था

सुदुरपश्चिमका पहाडी जिल्लाहरू मध्ये डडेल्धुरा जिल्ला शिक्षाको दृष्टिकोणले अग्रस्थानमा रहेको जिल्ला हो । यहाँको कुल साक्षरता प्रतिशत ६५.३१% रहेको छ । जसमा पुरुष साक्षरता प्रतिशत ७९.६६% र महिला साक्षरता प्रतिशत ५२.९४% रहेको छ । यस जिल्लामा स्नातक क्याम्पस तहका ४ वटा , प्राविधिक शिक्षालय ४ वटा, सामुदायिक स्तरका ३२ र निजी स्तरका २ वटा गरी ३४ वटा उच्च मा.वि. रहेका छन् । त्यस्तै २८ वटा सामुदायिक माध्यमिक विद्यालय, ४ वटा निजी माध्यमिक तहका विद्यालय, सामुदायिक नि.मा.वि. ५६ वटा, निजी नि.मा.वि ३ वटा तथा सामुदायिक प्रा.वि. १३१ वटा र निजी प्रा.वि १५ वटा रहेका छन् ।

परशुराम नगरपालिकाको कुल साक्षरता दर डडेल्धुरा जिल्लाको भन्दा केहि बढी रेहेको पाईन्छ । यस नगरपालिकाको कुल साक्षरता दर ६७.५६ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता दर ८०.४३ प्रतिशत र महिलाको साक्षरता दर ५४.६९ प्रतिशत रहेको छ । यस नगरपालिका भित्र एक बहुमुखि क्याम्पस, २ वटा उच्च माध्यमिक विद्यालय, सामुदायिक तथा निजि गरि ५ वटा माध्यमिक विद्यालय र १५ वटा प्राथमिक विद्यालय रहेका छन् । राउटे वस्तीमा पनि श्री बि.पि. प्राथमिक विद्यालय रहेको छ, ,जसमा जम्मा विधार्थी ४७ छन् भने राउटे बालबालिका हरू १९ विद्यालयको रेकर्ड बाट देखिएको छ ।

### ४.२.३ आर्थिक अवस्था

डडेल्धुरा जिल्लाको अर्थतन्त्रको मुख्य आधार कृषि हो । यस जिल्लाको ७४.५% जनसङ्ख्या कृषि पेशामा संलग्न भएको पाईन्छ । त्यसैगरी २०.५% व्यापार र ५% जनसङ्ख्या अन्य पेशामा संलग्न रहेको पाईन्छ (जिल्ला विकास योजना, २०७२/०७३) । जिल्लाको वहुसंख्यक जनसङ्ख्या कृषि पेशामा संलग्न भएको पाईन्छ । जोगबुढा उपत्यका जिल्लाको प्रमुख कृषि उत्पादन हुने क्षेत्र हो । समथर भुभाग तथा सिंचाई सुविधाको कारण यहाँ प्रशस्त मात्रामा अन्न हुन्छ । यहाँ गहुँ, मकै, धान, कोदो, जौं, भटमास आदि खादान्न बालीको उत्पादन हुने गर्दछ । यस जिल्लामा हिउँदको समयमा गहुँ, जौं, आलु, तोरी आदि र वर्षायाममा मकै, धान, भटमास, कोदो, दाल र विभिन्न तरकारी तथा फलफूलको खेति गरिन्छ । जिल्लाको २०.५% मानिस व्यापार व्यवसायमा संग्लन भएको जि.वि.स. डडेल्धुरको तथ्यांकमा पाईन्छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र खलङ्गा, बागवजार, तुफानडाँडा, पोखरा बजार, स्याउले, भात्काडाँ, जोगबुडा र बगरकोट आदि हुन । यी बजार व्यापारिक केन्द्रहरूवाट विशेष गरेर कृषि उत्पादन, दुग्ध उत्पादन, जडिबुडीमा रातो च्याऊ, टिमुर, दालचिनि, झ्याऊ, वन लसुन, डाले चुक, लोक्ता, धुपी, तीतेपाती, पदमचाल, सिलाजित त्यसैगरी घ्यू, फलफूल, तरकारी आदि उत्पादन भई तराईका जिल्लाहरू कन्चनपुर तथा कैलालीमा निकासी गरिन्छ । यस जिल्लामा केरा, आँप, लिचि, मेवा, सुन्तला, मौसमी, कागती तथा स्याउ जस्ता फलफुलको पनि उत्पादन हुने गर्दछ ।

डडेल्धुरा जिल्लाको जस्तै परशुराम नगरपालिकाको पनि अर्थतन्त्रको मुख्य आधार कृषि रहेको पाईन्छ । जोगबुढा उपत्यका जिल्लाकै कृर्षि उत्पादनको मुख्य क्षेत्र हो । कृर्षिका

अलावा फलफुल खेती, बेमौसमी तरकारी खेती, कुखुरापालन, बाखापालन, काठको व्यापार तथा अन्य व्यापार व्यावसाय नगरपालिकाको आम्दानीको मुख्य श्रोत रहेको पाईन्छ ।

### ४.२.४ सामाजिक तथा सांस्कृतिक अवस्था

डडेल्धुरा जिल्लामा विभिन्न जातजाति, भाषाभाषी एवम् धर्मालम्बीहरूको बसोबास रहेको पाईन्छ । २०६८ सालको तथ्याङ्क अनुसार यस जिल्लाका ९८.४७% मानिस हिन्दु धर्म मान्ने । त्यसै गरी १.५२% ले बौद्ध धर्म मान्ने गरेको र अन्य इसाई, जैन तथा इस्लाम धर्म मान्नेको सङ्ख्या न्यून रहेको पाईन्छ । त्यसैगरी जातिगत रूपमा हेर्दा डडेल्धुरा जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार तथा गुरुङ्ग जातिको मुख्य बसोबास रहेको पाईन्छ भने दमाई कामी, सार्की, ठकुरी, मगर, राई, लिम्बु हुदै राउटे जातिको पनि बसोबास रहेको पाईन्छ । जङ्गली फिरन्ते जिवन बिताउने राउटे जातिहरू पनि जोगबुढाको जङ्गलमा वसोवास गर्दछन् । यसरी डडेल्लधुरा जिल्लामा विभिन्न जातजाति तथा धार्मिक सम्प्रदायका मानिसहरूको बसोबास रहेको पाईन्छ ।

परशुराम नगरपालिकामा पनि विभिन्न जातजाति भाषाभाषिहरूको वसोवास रहेको पाईन्छ । यस नगरपालिका भित्र हिन्दु धर्ममा आस्था राख्ने मानिसहरूको वाहुल्यता रहेको पाईन्छ । यस नगरपालिकामा विभिन्न जिल्लाबाट वसाई सरी आएका मानिसहरूको बसोबास रहेको छ । यहाँ वाहुन, क्षेत्रीका अलावा दमाई कामी, सार्की ठकुरी, मगर, राई, लिम्बु हुदै राउटे जातिको पनि बसोबास रहेको छ । राउटे समुदायको बसोबास रहेका आमपानीमा ३६ घरधुरी राउटेहरूको रहेको पाईन्छ । राउटे जातीका मानिहरुले पनि हिन्दु धर्म नै मान्ने गरेका छन् ।

# अध्याय पाँच : नतिजा विश्लेषण

अध्ययनबाट प्राप्त राउटे समुदायको जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्था सम्बन्धि तथ्याङ्कको व्याख्या र विश्लेषण यस अध्यायमा गरिएको छ ।

## ५.१ राउटे समुदायको जनसाङ्ख्यिक अवस्था

२०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लाको कुल जनसङ्ख्या १,४२,०९४ रहेको छ । जसमा पुरुषको सङ्ख्या ६६,५५६(४६.८३ प्रतिशत) र महिलाको सङ्ख्या ७५,५३८ ( ५३.१६ प्रतिशत) रहेको छ । कुल २७,०४५ घरघुरी रहेको यस जिल्लाको जनघनत्व ९२ जना प्रतिवर्ग कि.मि रहेको पाईन्छ । जिल्लाका १८ गा.वि.स. र २ नगरपालिका मध्ये को एक हो परशुराम नगरपालिका । यस नगरपालिकाको को कुल जनसङ्ख्या ३४,९८३ रहेको पाईन्छ । जसमा पुरुषको सङ्ख्या १६,७९४ (४८ प्रतिशत) र महिलाको सङ्ख्या १८,१८९ ( ५२ प्रतिशत) रहेको छ भने ५,९९० घरधुरी रहेको पाईन्छ । यस नगरपालिकाको जनघनत्व ८१.९५ जना प्रति वर्ग कि.मि. रहेको पाईन्छ । यस नगरपालिको अध्ययन क्षेत्रमा जम्मा राउटे घरधुरी ३६ छन् भने राउटेको जनसंख्या २०९ पाईन्छ । जसमा ९९ पुरुष र ११० महिला रहेका छन् ।

### ५.१.१ राउटे समुदायको जनसङ्ख्याको आकार तथा घरधुरी विवरण

वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लाको कुल जनसङ्ख्या १,४२,०९४ रहेको पाईन्छ भने परशुराम नगरपालिकाको जनसङ्ख्या ३४,९८३ र राउटे समुदायको जनसङ्ख्या (अन्य स्थानमा बसोबास गर्ने राउटेहरूको समेत गरी) ६१८ रहेको पाईन्छ । डडेल्धुरा जिल्लाको, परशुराम नगरपालिकाको तथा राउटे समुदायको जनसङ्ख्याको आकार तथा घरधुरी सम्बन्धी विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ : राउटे समुदायको जनसङ्ख्या तथा घरधुरी विवरण**

| विवरण | घरधुरी सङ्ख्या | जनसङ्ख्या |
|---|---|---|
| डडेल्धुरा जिल्ला | २७,०४५ | १,४२,०९४ |
| परशुराम नगरपालिका | ५,९९० | ३४,९८३ |
| राउटे समुदाय | ३६ | २०९ |

स्रोत: के.त.वि., २०६८, स्थलगत अध्ययन, २०७३ ।

डडेल्धुरा जिल्लाको कुल जनसङ्ख्या १,४२,०९४ र घरधुरी सङ्ख्या २७,०४५ रहेको पाईन्छ। डडेल्धुरा जिल्लाको कुल जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको ०.५३ प्रतिशत रहेको पाईन्छ। वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार परशुराम नगरपालिकाको कुल जनसङ्ख्या ३४,९८३ रहेको छ भने कुल घरधुरी सङ्ख्या ५,९९० रहेको छ । यस नगरपालिकामा जिल्लाको २४.६२ प्रतिशत जनसङ्ख्याको बसोबास रहेको पाईन्छ । डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकामा बसोबास गर्ने विभिन्न समुदायहरू मध्ये राउटे समुदाय पनि एक हो । डडेल्धुरा जिल्लाको अलवा दाङ् जिल्लाका केही स्थानहरूमा यो समुदायका मानिसहरूको बसोबास रहेको पाईन्छ। दाङ् जिल्लाका राउटे समुदायका मानिसहरू अझै पनि घुमन्ते अवस्था रहेका छन् तर डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाका राउटेहरू भने स्थायी रूपमा बसोबास गरेको पाईन्छ। परशुराम नगरपालिका वडा नं १२ मा राउटे समुदायको कुल ३६ घरधुरी रहेको र उनीहरूको जनसङ्ख्या २०९ जना रहेको पाईन्छ।

### ५.१.२ राउटे समुदायको लिङ्ग तथा उमेर समूह अनुसार जनसङ्ख्याको विवरण

विभिन्न उमेर समूह अनुसार डडेल्धुरा जिल्लाको तथा राउटे समुदायको जनसङ्ख्या विवरण तालिका २ प्रस्तुत गरिएको छ।

**तालिका २ : राउटे समुदायको उमेर समूह अनुसार जनसङ्ख्याको विवरण**


| उमेर समूह | डडेल्धुरा जिल्ला | | राउटे समुदाय | | | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | पुरुष | महिला | जम्मा | प्रतिशत |
| ००-०९ | ३६८५८ | २५.९३ | १९ | २० | ३९ | १८.६६ |
| १०-१९ | ३६५७१ | २५.७३ | १५ | १८ | ३३ | १५.७९ |
| २०-२९ | २१४४० | १५.०८ | १९ | १८ | ३७ | १७.७ |
| ३०-३९ | १५८१० | ११.१२ | १४ | १५ | २९ | १३.८८ |
| ४०-४९ | ११७९० | ८.२९ | १३ | १४ | २७ | १२.९ |
| ५०-५९ | ८४१९ | ५.९२ | ११ | १२ | २३ | ११ |
| ६०+ | ११२०६ | ७.८८ | ८ | १३ | २१ | १०.०४ |
| **जम्मा** | **१४२०९४** | **१००** | **९९** | **११०** | **२०९** | **१००** |

स्रोत : के.त.वि., २०६८ तथा स्थलगत अध्ययन, २०७३।

तालिका अनुसार डडेल्धुरा जिल्लाको ०-९ वर्ष उमेर समूहको जनसङ्ख्या सबैभन्दा धेरै रहेको पाईन्छ। यो उमेर समूहको जनसङ्ख्या जिल्लाको कुल जनसङ्ख्याको २५.९३ प्रतिशत रहेको पाईन्छ। त्यसपछि धेरै जनसङ्ख्या हुने उमेर समूहमा क्रमशः १०-१९ वर्ष, २०-१९ वर्ष तथा ३०-३९ वर्ष उमेर समूह रहेको पाईन्छ।

राउटे समुदायको उमेर अनुसारको जनसङ्ख्याको विवरण भने डडेल्धुरा जिल्लाको भन्दा केही भिन्न रहेको पाईन्छ । यो समुदायमा सबैभन्दा बढी ०-९ वर्ष उमेर समूहको जनसङ्ख्या रहेको पाईन्छ । यो उमेर समूहको जनसङ्ख्या १८.६६ प्रतिशत रहेको छ । त्यसपछि धेरै जनसङ्ख्या हुने उमेर समूहमा क्रमशः २०-२९ वर्ष, १०-१९ वर्ष, ३०-३९ वर्ष तथा ४०-४९ वर्ष उमेर रहेको पाईन्छ।

राउटे समुदायको उमेर समूह अनुसारको विवरण संख्यात्मक चित्र १ मा प्रस्तुत गरिएको छ।




**चित्र : १ राउटे समुदायको जनसङ्ख्याको आकार**

## ५.१.३ राउटे समुदायको जनसङ्ख्याको लैङ्गिक विवरण

डडेल्धुरा जिल्ला, परशुराम नगरपालिका तथा राउटे समुदायको जनसङ्ख्याको लैङ्गिक विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३ : राउटे समुदायको जनसङ्ख्याको लैङ्गिक विवरण**

| विवरण | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| डडेल्धुरा जिल्ला | ६६,५५६ | ४६.८३ | ७५,५३८ | ५३.१६ | १,४२,०९४ |
| परशुराम नगरपालिका | १६,७९४ | ४८ | १,८१८९ | ५२ | ३४,९८३ |
| राउटे समुदाय | ९९ | ४७.३६ | ११० | ५२.६४ | २०९ |

स्रोतः के.त.वि.,२०६८ तथा स्थलगत अध्ययन, २०७३ ।

डडेल्धुरा जिल्लामा, परशुराम नगरपालिकामा र राउटे समुदायमा पनि पुरुषको भन्दा महिलाको सङ्ख्या धेरै रहेको पाईन्छ । २०६८ सालकै तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लामा पुरूष ४६.८३ प्रतिशत र महिला ५३.१६ प्रतिशत रहेको पाईन्छ । त्यसैगरी परशुराम नगरपालिकामा पुरूष ४८ प्रतिशत र महिला ५२ प्रतिशत रहेको पाईन्छ । राउटे समुदायमा पनि महिलाको सङ्ख्या धेरै रहेको पाईन्छ । यो समुदायमा ४७.३६ प्रतिशत पुरूष र ५२.६४ प्रतिशत महिला रहेको पाईन्छ । यसरी परशुराम नगरपालिकाको वडा नं. १२, आमपानीमा ३६ घरधुरी राउटे समुदायको बसोबास रहेको र उनीहरूको कुल जनसङ्ख्या २०९ रहेको पाईन्छ ।

### ५.१.४ जनसङ्ख्याको जातिगत विवरण

२०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्ला तथा परशुराम नगरपालिकामा बसोबास गर्ने विभिन्न जाति तथा उनीहरूका जनसाङ्ख्यिक विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : जनसङ्ख्याको जातिगत विवरण**

| डडेल्धुरा जिल्ला | | | परशुराम नगरपालिका | | |
|---|---|---|---|---|---|
| जाति | जनसङ्ख्या | प्रतिशत | जाति | जनसङ्ख्या | प्रतिशत |
| क्षेत्री | ७६,१४७ | ५३.५९ | क्षेत्री | २३४१४ | ६६.९३ |
| ब्राह्मण (पहाडी) | २२,४७७ | १५.८२ | ब्राह्मण (पहाडी) | ६६३० | १८.९५ |
| कामी | १४,९३४ | १०.५१ | कामी | २०५० | ५.८६ |
| सार्की | ६,२९३ | ४.४३ | सार्की | ५७० | १.६३ |
| दमाई ढोली | ५,३०९ | ३.७४ | दमाई ढोली | ६८० | १.९४ |
| मगर | ५,१८१ | ३.६५ | मगर | २३० | ०.६६ |
| ठकुरी | ३,५८५ | २.५२ | ठकुरी | ४४३ | १.२७ |
| दशनामी सन्यासी | २,५३६ | १.७८ | दशनामी सन्यासी | १२० | ०.३४ |
| लुहार | २,२३४ | १.५७ | लुहार | ३५७ | १.०२ |
| नेवार | १,२५३ | ०.८८ | नेवार | ३५ | ०.१० |
| यादव | ३३७ | ०.२४ | राउटे | २६९ | ०.७७ |
| राउटे | २६९ | ०.१९ | बादी | ६७ | ०.१९ |
| बादी | २६१ | ०.१८ | गुरुङ | २५ | ०.०७ |
| गुरुङ | २३२ | ०.१६ | थारु | १८ | ०.०५ |
| थारु | १६७ | ०.१२ | तामाङ | १२ | ०.०३ |
| तामाङ | १०५ | ०.०७ | राई | ५ | ०.०१ |
| राई | ७५ | ०.०५ | लिम्बु | ७ | ०.०२ |
| लिम्बु | ५४ | ०.०४ | हजाम ठाकुर | ३ | ०.०१ |
| हजाम ठाकुर | ४० | ०.०३ | कुमाल | ७ | ०.०२ |
| मुसलवान | ३७ | ०.०३ | दलित अन्य | २६ | ०.०७ |
| कुमाल | ३४ | ०.०२ | अन्य | १५ | ०.०४ |
| राजपुत | २९ | ०.०२ | | | |
| चमार हरिजन | २३ | ०.०२ | | | |
| शेर्पा | २० | ०.०१ | | | |
| दलित अन्य | २७६ | ०.१९ | | | |
| तराई अन्य | ४४ | ०.०३ | | | |
| अन्य | १४२ | ०.१० | | | |
| **जम्मा** | १,४२,०९४ | | **जम्मा** | ३४९८३ | |

स्रोत : के.त.वि., २०६८ ।

तालिका ४ अनुसार डडेल्धुरा जिल्लामा २७ जातजातिको बसोबास रहेको पाईन्छ । त्यसमा पनि सबैभन्दा बढी क्षेत्रीहरू रहेको पाईन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लामा ५३.५९ प्रतिशत क्षेत्रीहरू रहेको पाईन्छ । त्यसैगरी ब्राह्मण पहाडी १५.८२ प्रतिशत, कामी १०.५१ प्रतिशत सार्की, ४.४३ प्रतिशत, दमाई ढोली ३.७४ प्रतिशत, मगर ३.६५ तथा ठगुरी २.५२ प्रतिशत रहेको पाईन्छ । यसको साथै दशनामी, लुहार, यादव, राउटे, वादी, गरुङ्, थारु, तामाङ, राई, लिम्बु, हजाम ठाकुर, मुसलवान, कुमाल, राजपुत, चमार, शेर्पा, दलित अन्य, तराई अन्य र केही थर नखुलेका जातजातिको बसोबास रहेको पाईन्छ ।

डडेल्धुरा जिल्लामा जस्तै परशुराम नगरपालिकामा पनि विभिन्न जातजातिको बसोबास रहेको पाईन्छ । यस नगरपालिकामा क्षेत्री जातिको बाहुल्यता रहेको पाईन्छ । २०६८ सालको तथ्याङ्क अनुसार परशुराम नगरपालिकामा क्षेत्री ६६.९३ प्रतिशत, ब्राह्मण १८.९५ प्रतिशत, तथा कामीको संख्या ५.८६ प्रतिशत रहेको पाईन्छ । त्यसैगरी दमाई ढोली, मगर, ठकुरी, दशनामी सन्यासी, लुहार, नेवार, राउटे, बादी, गुरुङ, थारु, तामाङ, राई, लिम्बु, हजाम ठाकुर, कुमाल, अन्य दलित र केही जात नखुलेका जातजातिको बसोबास रहेको पाईन्छ ।

यसरी केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशन हुने जनसाङ्ख्यिक विवरणमा राउटेहरूले शाही, ठकुरी आदि थर लेख्ने गरेका कारण उनीहरूको यथार्थ जनसाङ्ख्यिक विवरण भने उपलब्ध छैन । राउटे समुदायमा एकल र संयुक्त दुवै किसिमका पारिवारिक संरचनामा रहेका पाईन्छ । राउटेहरू डडेल्धुरा जिल्लाको अलवा दाङ्, सुर्खेत र दैलेख जिल्लामा समेत बसोबास रहेको पाईन्छ ।

### ५.१.५ भाषा अनुसार जनसङ्ख्याको विवरण

वि. स २०६८ सालको तथ्याङ्क अनुसार मातृभाषा अनुसार डडेल्धुरा जिल्ला तथा परशुराम नगरपालीकाको जनसङ्ख्या सम्बन्धित विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : मातृभाषा अनुसार जनसङ्ख्याको विवरण**

| डडेल्धुरा जिल्ला | | | परशुराम नगरपालिका | | |
|---|---|---|---|---|---|
| मातृभाषा | जनसङ्ख्या | प्रतिशत | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
| डाटेली | १,३१,०८५ | ९२.२५ | डाटेली | ३१,४८६ | ९०.०१ |
| नेपाली | ८,२४४ | ५.८० | नेपाली | २,९२५ | ८.३६ |
| मगर | १,६०३ | १.१३ | मगर | २०३ | ०.५८ |
| खाम्ची (राउटे) | २५१ | ०.१८ | खाम्ची (राउटे) | २५१ | ०.७१ |
| खाम | २५१ | ०.१८ | खाम | २५ | ०.०७ |
| मैथली | १५९ | ०.११ | बैतडी | २४ | ०.०६ |
| थारु | ७६ | ०.०५ | थारु | १८ | ०.०५ |
| नेवारी | ४४ | ०.०३ | अन्य | ५१ | ०.१४ |
| हिन्दी | ४३ | ०.०३ | | | |
| भोजपुरी | ४२ | ०.०३ | | | |
| बैतडी | ३१ | ०.०२ | | | |
| बारम | २८ | ०.०२ | | | |
| शेर्पा | १८ | ०.०१ | | | |
| अन्य | २०० | ०.१५ | | | |
| **जम्मा** | १,४२,०९४ | १०० | **जम्मा** | ३४९८३ | १०० |

स्रोत : के.त.वि., २०६८ ।

वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लाको कुल जनसङ्ख्या १,४२,०९४ रहेको पाईन्छ । डडेल्धुरा जिल्लामा पनि विभिन्न भाषिक समुदायको बसोबास रहेको पाईन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लामा डोटेली भाषीको अधिक बसोबास रहेको पाईन्छ । यहाँका ९२.२५ प्रतिशत मानिसले डोटेली बोल्ने गरेको पाईन्छ । त्यसैगरी नेपाली ५.८० प्रतिशतले मगर १.१३ प्रतिशतले भाषा बोल्ने गरेको पाईन्छ भने अन्य खाम्ची राउटे, खाम, मैथली, थारु, नेवारी, हिन्दी, भोजपुरी, बैतडी, बारम, शेर्पा, अन्य थाहा नभएको भाषा बोल्नेको सङ्ख्या न्यून रहेको पाईन्छ ।

परशुराम नगरपालिकामा पनि डोटेली भाषीको बाहुल्यता रहेको पाईन्छ । यहाँ ९०.०५ प्रतिशत डोटेली, ८.३६ ले नेपाली भाषा अन्यमा ०.५८ मगर, ०.७१ खाम्ची राउटे, ०.०७ खाम, ०.०६ बैतडी, ०.१४ अन्य भाषीको सङ्ख्या न्यून रहेको पाईन्छ ।

### ५.१.६ राउटे समुदायका आर्थिक रूपले सक्रिय जनसङ्ख्या


डडेल्धुरा जिल्लाको तथा राउटे समुदायको आर्थिकरूपले सक्रिय जनसङ्ख्या सम्बन्धी विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको विवरण**

| उमेर समूह | आर्थिक रूपमा सक्रिय जनसङ्ख्या प्रतिशत | |
|---|---|---|
| | डडेल्धुरा जिल्ला | राउटे समुदाय |
| ०-१४ | ४०.७४ | ३१.१० |
| १५-५९ | ५१.३६ | ५८.५८ |
| ६०+... | ७.८८ | १०.०४ |
| जम्मा | १००.०० | १००.०० |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन २०७३ ।

तालिका ६ अनुसार डडेल्धुरा जिल्लाको आर्थिक रूपले सक्रिय उमेर समूहको जनसङ्ख्या ५१.३६ प्रतिशत रहेको पाईन्छ भने राउटे समुदायमा भने आर्थिक रूपम सक्रिय उमेर समूहको जनसङ्ख्या ५८.५८ प्रतिशत रहेको पाईन्छ । यसरी डडेल्धुरा जिल्लाको भन्दा राउटे समुदायको आर्थिक रूपले सक्रिय जनसङ्ख्याको प्रतिशत धेरै रहेको पाईन्छ । अध्ययन क्षेत्रको सक्रिय जनसङ्ख्याको स्थिति संख्यात्मक चित्र २ मा प्रस्तुत गरिएको छ ।




**चित्र २ : आर्थिक रूपले सक्रिय जनसङ्ख्या**

### ५.१.७ राउटे समुदायका जनसङ्ख्याको आश्रित भार

सामान्यतया ०-१४ वर्ष उमेर समूह तथा ६० वर्ष माथिको उमेर समूहको जनसङ्ख्यालाई आर्थिक दृष्टिकोणबाट आश्रित जनसङ्ख्याको रूपमा लिइन्छ । डडेल्धुरा जिल्लाको तथा राउटे समुदायको जनसङ्ख्याको आश्रित अवस्था सम्बन्धी विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ ।


**तालिका ७ : राउटे समुदायको जनसङ्ख्याको आश्रित भार**

| विवरण | डडेल्धुरा जिल्ला | राउटे समुदाय |
|---|---|---|
| आर्थिक रूपले सक्रिय जनसङ्ख्या (प्रतिशत) | ५१.३६ | ५८.५८ |
| आश्रित भार (प्रतिशतमा) | ४८.३५ | ४१.४२ |
| जम्मा | १००.०० | १००.०० |

स्रोत : के.त.वि. २०६८, स्थलगत अध्ययन, २०७३ ।

तालिका ७ अनुसार डडेल्धुरा जिल्लामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या ५१.३६ प्रतिशत र आश्रित भार ४८.६४ प्रतिशत रहेको पाईन्छ । राउटे समुदायको सन्दर्भमा ५८.५८ प्रतिशतले जनसङ्ख्या आर्थिक रूपमा सक्रिय र ४१.४२ प्रतिशत जनसङ्ख्या आश्रित जनसङ्ख्याको रूपमा रहेको पाईन्छ । यसरी डडेल्धुरा जिल्लाको भन्दा राउटे समुदायको

जनसङ्ख्याको आश्रित भार न्यून रहेको पाईन्छ । अध्ययन क्षेत्रको जनसङ्ख्याको आश्रित भार संख्यात्मक चित्र ३ मा प्रस्तुत गरिएको छ ।




**चित्र ३ : जनसङ्ख्याको आश्रित भार**

## ५.२ राउटे समुदायको आर्थिक अवस्था

### ५.२.१ राउटे समुदायको पेसागत विवरण

जीवन निर्वाह गर्नको लागि विभिन्न पेशा व्यवसाय अपनाएको पाईन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लाको तथा राउटे समुदायको पेशागत विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : राउटे समुदायको पेशागत विवरण**


| पेसा | विवरण प्रतिशतमा | |
|---|---|---|
| | डडेल्धुरा जिल्ला | राउटे समुदाय |
| कृषि तथा पशुपालन | ७३.९० | ४६.०६ |
| ज्यालामजदुरी | ३.९ | ३९.८४ |
| व्यापार व्यवसाय | २.३ | ६.७० |
| परम्परागत पेसा | ९.८ | ५.३० |
| सरकारी नोकरी | ०.९० | - |
| वैदेशिक रोजगार | १.९० | १.८० |
| जम्मा | १००.०० | १००.०० |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका ८ डडेल्धुरा जिल्लाको धेरै मानिसको मुख्य पेशा कृषि तथा पशुपालन रहेको पाईन्छ । जिल्लाको ७३.९० प्रतिशत मानिसले कृषि तथा पशुपालन व्यवसायलाई आफ्नो मुख्य पेसाको रूपमा अंगालेको पाईन्छ । त्यसैगरी जिल्लाको ९.८ प्रतिशत जनसङ्ख्याले परम्परागत पेसा तथा सिपलाई, ८.३ प्रतिशतले जडीबुटी संकलन तथा बिक्री वितरणलाई आफ्नो मुख्य पेशा बनाएको पाईन्छ । जिल्लामा वैदेशिक रोजगारी तथा प्राविधिक सेवामा कार्यरतको सङ्ख्या भने केही न्यून रहेको पाईन्छ ।

राउटे समुदायको परम्परागत पेशामा परिर्वतन आएको पाईन्छ । अहिले यो समुदायका अधिकाशं मानिसले आफ्नो परम्परागत पेशालाई छोडी कृषि तथा पशुपालन पेशा अवलम्वन गरेको पाईन्छ । राउटे समुदायका ४६.०६ प्रतिशत मानिसहरू कृषि तथा पशुपालन व्यवसायमा संलग्न भएको पाईन्छ । त्यसैगरी ३९.८४ प्रतिशत मानिसले ज्यालामजदुरी गर्ने गरेको पाईन्छ भने ६.७० प्रतिशतले व्यापार व्यवसाय गर्ने र ५.३० प्रतिशतले मात्र आफ्नो परम्परागत पेशा काठको ठेकी, कोशी, बाकस, बनाउने काम गर्ने गरेको पाईन्छ । राउटे समुदायका थोरै मानिसहरू मात्र वैदेशिक रोजगारीमा गएको पाईन्छ भने सरकारी नोकरीमा यो समुदायमा मानिसहरू अझै संलग्नता हुन सकेको पाइँदैन ।

राउटे समुदायको पेसागत विवरण सम्बन्धी सख्यात्मक चित्र ४ मा प्रस्तुत गरिएको छ ।




**चित्र ४ : राउटे समुदायको पेशागत विवरण**

यसरी कृषि तथा पशुपालन एवं ज्यालामजदुरी नै राउटे समुदायको मुख्य पेसा रहेको पाईन्छ ।

### क. कृषि तथा पशुपालन

राउटेहरूको जीविकोपार्जनको मुख्य आधार कृषि रहेको पाईन्छ । भित्री मधेश भएकाले जमिन केही समथर रहेको र सिंचाइ हुने जग्गामा बर्षको दुई बालि समेत लगाउने गरेको पाईन्छ । धान, मकै, गहुँ उनीहरूले लगाउने मुख्य बाली रहेको पाईन्छ । यी बालीहरूको अलवा फापर, आलु, कोदो तथा जौ को पनि खेति गर्ने गरेको पाईन्छ । केरा आँप, अम्बा, मेवा जस्ता फलफुलको पनि प्रशस्त मात्रामा उत्पादन हुने गरेको पाईन्छ ।

राउटेहरूले कृषि सँगै पशुपालन गर्ने गरेको पाईन्छ । उनीहरूले पाल्ने मुख्य पशुहरूमा गाई, भैसी तथा  भेडा- बाखा रहेको पाईन्छ । यी पशुहरू आम्दानीका मुख्य स्रोत रहेको पाईन्छ । खेतका लागि मल, दुध, घिउ, मासु लागि पशुहरूको प्रयोग हुने गरेको पाईन्छ । घिउ तथा खसी बेचेर पनि केही राउटे परिवारले आम्दानी गर्ने गरेको पाईन्छ ।

### ख) व्यापार

राउटेहरू खेतीपातीसँगै व्यापारमा संलग्न भएको पाईन्छ । खासगरी किराना पसल गरेको पाईन्छ ।

### ग) नोकरी तथा ज्यालादारी

सरकारी सेवामा राउटेहरूको सहभागिता ज्यादै न्यून रहेको पाईन्छ । सेना प्रहरी, निजामति, स्वास्थ्य सेवा तथा शिक्षक तर्फ पनि ज्यादै न्यून सहभागिता रहेको पाईन्छ । राउटेहरू खेतीपातीको काम नभएको समयमा ज्याला मजदुरी गर्नको लागि धनगढी, महेन्द्रनगर तथा भारत तिर जाने गरेको पाईन्छ


## ५.२.२ राउटे समुदायको वैदेशिक रोजगारी सम्बन्धि विवरण

रोजगारीको खोजीमा विदेशिने नेपालीको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । अहिले वैदेशिक रोजगारी नेपालीको जीविकोपार्जन गर्ने महत्वपूर्ण माध्यम बनेको छ । रोजगारको लागि पुरूष मात्र नभई महिलाहरू पनि विदेशिने क्रम तीव्र छ । रोजगारका लागि डडेल्धुरा जिल्ला तथा राउटे समुदायबाट विदेशिनेहरूको जनसांख्यिक विवरण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : राउटे समुदायको वैदेशिक रोजगार सम्बन्धी विवरण**

| विवरण | विदेशिने जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा सङ्ख्या | प्रतिशत | पुरूष | प्रतिशत | महिला | प्रतिशत |
| डडेल्धुरा जिल्ला | ११,६७० | ८.२१ | १०,४०८ | ८९.१८ | १२६२ | १०.८१ |
| राउटे समुदाय | ४ | १.८ | ४ | १००.०० | - | - |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७३ ।




**चित्र ५ : वैदेशिक रोजगार सम्बन्धी विवरण**

तालिका ९ अनुसार वैदेशिक रोजगारको लागि डडेल्धुरा जिल्लाबाट विदेशिनेको सङ्ख्या ११,६७० रहेको छ । जुन डडेल्धुरा जिल्लाको कुल जसङ्ख्याको १.२७ प्रतिशत हुन आउँछ । यसरी विदेशिनेमा पुरूष ७७.५३ प्रतिशत र महिला २२.४७ प्रतिशत रहेको पाईन्छ ।

त्यसैगरी जिविकोपार्जनको लागि राउटे समुदायका मानिसहरू पनि  विस्तारै वैदेशिक रोजगारमा जाने गरेको पाईन्छ । यो समुदायको कुल जनसङ्ख्याको १.८० प्रतिशत मानिस रोजगारीको लागि विदेश गएको पाईन्छ । यसरी वैदेशिक रोजगारीमा जानेहरू मध्ये शतप्रतिशत पुरुष रहेको पाईन्छ ।

### ५.२.३ राउटे समुदायको आम्दानीको मुख्य स्रोत


जिविको पार्जनको लागि राउटे समुदायका मानिसले विभिन्न स्रोतबाट आर्थिक उर्पाजन गर्ने गरेको पाईन्छ । यो समुदायको आर्थिक उपार्जनका स्रोत सम्बन्धी विवरण तालिका १० मा प्रस्तुत गरिएको छ ।

**तालिका १० : राउटे समुदायको आम्दानीको स्रोत सम्बन्धी विवरण**

| आम्दानीको स्रोत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि तथा पशुपालन | ५४ | ५१.९२ |
| व्यापार व्यवसाय | ३२ | ३०.७६ |
| ज्याला मजदुरी | १५ | १४.४३ |
| वैदेशिक रोजगारी | २ | १.९३ |
| सरकारीश्र सेवा (नोकरी) | १ | ०.९३ |
| जम्मा | १०४ | १००.०० |

स्रोत : के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७३ ।

राउटे समुदायको ५१.९२ प्रतिशत मानिसको आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन रहेको पाईन्छ । त्यसैगरी ३०.७६ प्रतिशतको व्यापार व्यवसाय तथा १४.४३ प्रतिशतको आम्दानीको मुख्य स्रोत ज्याला मजदुरी रहेको पाईन्छ । यो समुदायमा आम्दानीको मुख्य स्रोत वैदेशिक रोजगारी तथा सरकारी सेवा हुनेको संख्या भने ज्यादै न्यून रहेको पाईन्छ । राउटे समुदायको आम्दानीको स्रोत सम्बन्धी विवरण चित्र ६ मा प्रस्तुत गरिएको छ ।




**चित्र ६ : राउटे समुदायको आम्दानीको मुख्य स्रोत**

### ५.२.४ राउटे समुदायमा खाद्यान्न पर्याप्तताको स्थिति

कृषि तथा पशुपालन राउटे समुदायको मुख्य पेशा भएता पनि कृषि उत्पादनबाट वार्षिक जीवन निर्वाह गर्न भने धौ धौ पर्ने गरेको पाईन्छ । यो समुदायको कृषि उत्पादन तथा खाद्यान्न पर्याप्तता सम्बन्धी विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : राउटे समुदायमा  खाद्यान्न पर्याप्तताको स्थिति**

| खाद्यान्न पर्याप्तताको अवधि | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वर्षभरी (१२ महिना) खान पुग्ने | - | - |
| ९ महिना सम्म खान पुग्ने | ८ | २२.२२ |
| ६ महिना सम्म खान पुग्ने | २१ | ५८.३३ |
| ३ महिना सम्म खान पुग्ने | ७ | १९.४५ |
| जम्मा | ३६ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७३ ।

राउटे समुदायको मुख्य पेसा कृषि भएता पनि कृषि उत्पादनले वर्षभरी खान पुग्ने गरेको पाइदैन । तालिका ११ अनुसार ५८.३३ प्रतिशत राउटेलाई कृषि उत्पादनले ६ महिनासम्म खान पुग्ने गरेको पाईन्छ । त्यसैगरी २२.२२ प्रतिशतनलाई जम्मा ९ महिनासम्म र १९.४५

प्रतिशतलाई ३ महिनासम्म खानपुग्ने गरेको पाईन्छ । कृषि उत्पादनबाट वर्षभरी नै निर्वाह हुनेको संख्या शुन्य रहेको छ । यसरी कृषि उत्पादनबाट निर्वाह नहुने समयको लागि व्यापार, ज्याला मजदुरी तथा वैदेशिक रोजगारबाट खाद्यान्नको जोहो गर्ने गरेको पाईन्छ ।

## ५.३ राउटे समुदायको शैक्षिक अवस्था

### ५.३.१ राउटे समुदायको साक्षरता दर


सामान्यतया लेखपढ गर्न सक्ने व्यक्तिलाई साक्षर र लेखपढ गर्न नसक्ने व्यक्तिलाई निरक्षर भन्ने गरिन्छ । डडेल्धुरा जिल्लाको तथा राउटे समुदायको साक्षरता सम्बन्धी विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : राउटे समुदायको साक्षरता दर सम्बन्धी विवरण**

| विवरण | साक्षरता दर प्रतिशतमा | | |
|---|---|---|---|
| | कुल साक्षरता | पुरूष साक्षरता | महिला साक्षरता |
| डडेल्धुरा जिल्ला | ४७.५३ | ६२.०६ | ३३.०० |
| राउटे समुदाय | १९.२५ | २७.१३ | ११.३७ |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७३ ।

२०६८ सालको तथ्याङ्क अनुसार डडेल्धुरा जिल्लाको कुल साक्षरता दर ४७.५३ प्रतिशत रहेको पाईन्छ । डडेल्धुरा जिल्लाको पुरूष साक्षरता दर ६२.०६ प्रतिशत र महिला साक्षरता दर ३३.०० प्रतिशत रहेको पाईन्छ । राउटे समुदायको सन्दर्भमा हेर्दा यो समुदायको कुल साक्षरता दर १९.२५ प्रतिशत मात्र रहेको पाईन्छ । जुन डडेल्धुरा जिल्लाको भन्दा धेरै न्यून रहेको पाईन्छ । यो समुदायको पुरूष साक्षरता दर २७.१३ प्रतिशत र महिला साक्षरता दर ११.३७ प्रतिशत रहेको पाईन्छ । यो समुदायको महिला तथा पुरूष दुवैको साक्षरता दर डडेल्धुरा जिल्लाको भन्दा धेरै न्यून रहेको पाईन्छ ।




**चित्र ७ : राउटे समुदाय र डडेल्धुरा जिल्लाको साक्षरता दर सम्बन्धी विवरण**

## ५.३.२ राउटे समुदायको तहगत शैक्षिक अवस्था

५ वर्षभदा माथिको साक्षर जनसङ्ख्याको तहगत शैक्षिक स्थितिलाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : राउटे समुदायको तहगत शैक्षिक अवस्था**


| तह | शैक्षिक विवरण (प्रतिशत) | |
|---|---|---|
| | डडेल्धुरा जिल्ला | राउटे समुदाय |
| अनौपचारिक शिक्षा | ७.०५ | ३४.५६ |
| प्राथमिक तह | ४७.१३ | ५४.७१ |
| माध्यमिक तह | २९.२५ | ८.४५ |
| एस.एल.सी. र प्रमाणपत्र | १६.०२ | २.१० |
| स्नातक वा सोभन्दा माथि | ०.५५ | ०.१८ |

स्रोत : के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका १३ अनुसार डडेल्धुरा जिल्लामा अनौपचारिक शिक्षा हासिल गरेका मध्ये ७.०५ प्रतिशत, प्राथमिक तहसम्मको शिक्षा हासिल गर्ने ४७.१३ प्रतिशत, मा.वि. तहसम्मको शिक्षा हासिल गर्ने २९.२५ प्रतिशत तथा एस.एल.सी तथा प्रमाणपत्र तह १६.०२ प्रतिशत र

सबैभन्दा कम स्नातक वा सोभन्दा माथिल्लो तह पार गर्ने ०.५५ प्रतिशत रहेको पाईन्छ । त्यसैगरी राउटे समुदायको सन्दर्भमा अध्ययन गर्दा यो समुदायमा पनि प्राथमिक तह सम्मको शिक्षा गर्नेको सङ्ख्या धेरै रहेको पाईन्छ । यो समुदायमा ५४.७१ प्रतिशतले प्राथमिक तह पार गरेको देखिन्छ । यो समुदायमा अनौपचारिक शिक्षा ३४.५६, माध्यमिक तह ८.४५ प्रतितले एस.एल.सी. तथा प्रमाणपत्र तह २.१० प्रतिशतले र स्नातक वा सो भन्दा माथिको शिक्षा हासिल गर्ने ०.१८ प्रतिशत रहेको पाईन्छ ।

राउटे समुदायमा विद्यालय शिक्षा प्रति खासै झुकाव नभएको तथा विद्यालय शिक्षा हासिल गरेकाले पनि प्राथमिक तह पार गरेपछि छोड्ने गरेको पाईन्छ । यो समुदायको तहगत शैक्षिक अवस्था डडेल्धुरा जिल्लाको तुलनामा न्यून रहेको पाईन्छ ।




**चित्र ८ : राउटे समुदाय र डडेल्धुरा जिल्लाको तहगत शैक्षिक अवस्था**

### ५.३.३ राउटे समुदायको विद्यालयमा पहूँचको अवस्था

विद्यालय एउटा सामाजिक संस्था हो तसर्थ विद्यालयको स्थापना गर्दा समुदायका सबैको पहुँच हुनेगरी स्थापना गर्नुपर्छ । तर नेपालको सर्न्दभमा विद्यालयको स्थापना समुदायको पहुँचमा भन्दापनि राजनितिक पहुँचको आधारमा हुने गरेको पाईन्छ । कतिपय स्थानमा वस्ती वितरण एकातिर विद्यालयको स्थापना अर्कोतिर भएको पाईन्छ । परशुराम नगरपालिकामा बसोबास गर्ने राउटे समुदायको सर्न्दभमा भने प्राथमिक विद्यालय उनीहरूको पहुँचमा रहेको पाईन्छ । राउटे समुदायको वस्तीबाट करिव १० मिनेटको पैदल दुरीमा श्री वि.पि. प्राथमिक विद्यालय रहेको पाईन्छ । भित्री मधेशको समथर भुभाग भएका

कारण र वस्तीबाट विद्यालय आउदा कुनै किसिमको भौगोलिक अवरोध ( पहाड चढ्नुपर्ने, जंगल पार गर्नुर्ने, नदीखोला तर्नुपर्ने ) रहेको पाईदैन् । यसरी प्राथमिक शिक्षा राउटे बालबालिकाहरूको पहुँचमा नै रहेको पाईन्छ । तरपनि राउटे समुदायको आर्थिक अवस्था, चेतना स्तर, भाषिक समस्या अन्य समुदायका मानिसहरूसंग राम्रोसंग घुलमिल भै नसक्नु आदि कारणले विद्यालय उमेर समुहका सबै राउटे बालबालिकाहरू विद्यालय भर्ना भएको पाईदैन् । माध्यमिक विद्यालय राउटे वस्तीबाट करिब १ घण्टाको पैदल दुरीमा रहेको पाईन्छ । जुन राउटे बालबालिकाको पहुँच भन्दा अलि टाढा रहेको पाईन्छ । यसरी राउटे समुदायको  पहुँचमा प्राथमिक विद्यालय भएर पनि उनीहरूको विद्यालयमा न्युन उपस्थिति हुनुको अर्को कारण पढ्यो भने देउता रिसाउछन् भन्ने अन्धविश्वास राउटे समुदायमा अझै पनि कायम रहनु, आफुहरूले वोल्ने भाषा र नेपाली भाषामा फरक पर्ने भएकाले वुझ्न कठिनाई हुनु र अन्य समुदायका मानिसहरूले आफ्ना बालबच्चालाई हेपाह व्यवहार गर्ने हुदाँ त्यसले बालबालिकाको शिक्षामा पनि प्रभाव परेको कुरा राउटे समुदायका अगुवा ऐर बहादुर राउटे को भनाई थियो ।

### ५.३.४  राउटे बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था

राउटे समुदायमा शिक्षा लाई खासै प्राथमिकता दिने गरेको पाइदैन तसर्थ राउटे समुदायको बसोबास रहेको स्थान नजिकै प्राथमिक विद्यालय भएर पनि अधिकाशं विद्यालय उमेर समुहका ५ देखि १५ उमेरका राउटे बालबालिकाहरू विद्यालय नगई घरमा नै बस्ने गरेको तथा विद्यालय भर्ना भएकाहरूले पनि बिचैमा विद्यालय छाड्ने गरेको पाइयो । केही राउटेहरूको आर्थिक अवस्थाले गर्दा पनि उनीहरूका बालबालिकाहरू विद्यालय शिक्षा बाट बन्चित रहेको पाइयो । विद्यालयबाट प्राप्त राउटे बालबालिकाहरूको ५ बर्षको कक्षागत सहभागिताको विवरण तालिका नं. १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १४ : राउटे बालबालिकाहरूको ५ बर्षको कक्षागत भर्ना विवरण :**

| शैक्षिक | २०६९ | | | २०७० | | | २०७१ | | | २०७२ | | | २०७३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सत्र कक्षा | जम्मा | राउटे | प्रतिशत | जम्मा | राउटे | प्रतिशत | जम्मा | राउटे | प्रतिशत | जम्मा | राउटे | प्रतिशत | जम्मा | राउटे | प्रतिशत |
| १ | १७ | ८ | ४७.१० | २४ | ७ | २९.०० | १६ | ६ | ३७.५० | ८ | ६ | ७५.०० | १२ | ४ | ३३.३० |
| २ | १२ | ८ | ६६.७० | १९ | ७ | ३७.०० | १९ | १८ | ९४.७० | १३ | ८ | ६१.५० | ११ | ६ | ५४.६० |
| ३ | १४ | ९ | ६४.३० | ११ | ८ | ७३.०० | १२ | ७ | ५८.३० | ११ | ८ | ७२.७० | ८ | २ | २५.०० |
| ४ | ११ | ७ | ६३.६० | १९ | ९ | ४७.०० | १४ | ९ | ६४.३० | ७ | ४ | ५७.१० | ६ | ४ | ६६.७० |
| ५ | ९ | ७ | ७७.८० | ८ | ३ | ३८.०० | १३ | ६ | ४६.२० | १० | ५ | ५०.०० | १० | ३ | ३०.०० |

स्रोत : विद्यालय रेकर्ड तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका अनुसार शैक्षिक सत्र २०६९/७० मा कक्षा १ का जम्मा विद्यार्थी मध्ये राउटे विद्यार्थी सङ्ख्या ४७. १० प्रतिशत रहेका मा त्यसपछिका शैक्षिक सत्रहरूमा राउटे विद्यार्थी सङ्ख्या घट्दै गएको पाईन्छ । शैक्षिक सत्र २०७०/७१ मा २९.०० प्रतिशत, शैक्षिक सत्र मा २०७१/७२ मा ३७.५० प्रतिशत, शैक्षिक सत्र २०७२/७३ मा ७५.०० प्रतिशत हुदै शैक्षिक सत्र २०७३/७४ मा आईपुग्दा ३३.३० प्रतिशत मात्र राउटे विद्यार्थी कक्षा १ मा भर्ना भएको पाईन्छ । त्यसैगरी कक्षा २ मा शैक्षिक सत्र २०६९/७० मा जम्मा विद्यार्थी मध्ये राउटे विद्यार्थी सङ्ख्या ६६.७० प्रतिशत रहेका मा त्यसपछिका शैक्षिक सत्रहरूमा राउटे विद्यार्थी सङ्ख्या घट्दै गएको पाईन्छ । शैक्षिक सत्र २०७०/७१ मा ३७.०० प्रतिशत, शैक्षिक सत्र मा २०७१/७२ मा ९४.७० प्रतिशत, शैक्षिक सत्र २०७२/७३ मा ६१.५० प्रतिशत हुदै शैक्षिक सत्र २०७३/७४ मा आईपुग्दा ५४.६० प्रतिशत मात्र राउटे विद्यार्थी कक्षा २ मा भर्ना भएको पाईन्छ ।

कक्षा ३ मा शैक्षिक सत्र २०६९/७० मा जम्मा विद्यार्थी मध्ये राउटे विद्यार्थी सङ्ख्या ६४.३० प्रतिशत रहेका मा त्यसपछिका शैक्षिक सत्रहरूमा राउटे विद्यार्थी सङ्ख्या घट्दै गएको पाईन्छ । शैक्षिक सत्र २०७०/७१ मा ७३.०० प्रतिशत, शैक्षिक सत्र मा २०७१/७२ मा ५८.३० प्रतिशत, शैक्षिक सत्र २०७२/७३ मा ७२.७० प्रतिशत हुदै शैक्षिक सत्र २०७३/७४ मा आईपुग्दा २५.०० प्रतिशत राउटे विद्यार्थी कक्षा ३ मा भर्ना भएको पाईन्छ । शैक्षिक सत्र २०६९/७० मा कक्षा ४ का जम्मा विद्यार्थी मध्ये राउटे विद्यार्थी सङ्ख्या ६३.६० प्रतिशत रहेका मा त्यसपछिका शैक्षिक सत्रहरूमा राउटे विद्यार्थी सङ्ख्या घट्दै गएको पाईन्छ । शैक्षिक सत्र २०७०/७१ मा ४७.०० प्रतिशत, शैक्षिक सत्र मा २०७१/७२ मा

६४.३० प्रतिशत, शैक्षिक सत्र २०७२/७३ मा ५७.१० प्रतिशत हुदै शैक्षिक सत्र २०७३/७४ मा आईपुग्दा ६६.७० प्रतिशत राउटे विद्यार्थी कक्षा ४ मा भर्ना भएको पाईन्छ ।

शैक्षिक सत्र २०६९/७० मा कक्षा ५ का जम्मा विद्यार्थी मध्ये राउटे विद्यार्थी सङ्ख्या ७७.८० प्रतिशत रहेको पाईन्छ । त्यस्तै शैक्षिक सत्र २०७०/७१ मा ३८.०० प्रतिशत, शैक्षिक सत्र मा २०७१/७२ मा ४६.२० प्रतिशत, शैक्षिक सत्र २०७२/७३ मा ५०.०० प्रतिशत हुदै शैक्षिक सत्र २०७३/७४ मा आईपुग्दा जम्मा ३०.०० प्रतिशत राउटे विद्यार्थी कक्षा ५ मा भर्ना भएको पाईन्छ ।

राउटे विद्यार्थीको सहभागिता प्रत्येक बर्ष घद्दो क्रममा रहेको पाईन्छ । यसरी विद्यार्थी सङ्ख्या घट्दै जानुमा अनुत्तिर्ण तथा विचैमा विद्यालय छोड्ने दर उच्च हुनुको साथै राउटे अभिभावकहरूले आफ्ना बालबालिकाहरूको पढाईमा खासै ध्यान नदिनु प्रमुख कारण रहेको भनाई वि.पि प्राथमिक विद्यालयका शिक्षक विर बहादुर बोहरा बताउनु भयो ।

### ५.३.५ राउटे र अन्य बालबालिकाहरूको शैक्षिक उपलब्धि


शैक्षिक उपलब्धिको मापन गर्ने एउटा महत्वपूर्ण आधार विद्यार्थीले हासिल गर्ने नतिजा पनि हो । प्राथमिक तह (१-५) को राउटे बालबालिका तथा अन्य बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १५ कक्षा १ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि**

| शैक्षिक सत्र | परिक्षामा सहभागी विधार्थी संख्या | | | उर्त्तिण विधार्थी संख्या | | | उर्त्तिण विधार्थी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | राउटे | अन्य | जम्मा | राउटे | अन्य | जम्मा | राउटे | अन्य |
| २०६८ | ९ | १० | १९ | ७ | १० | १७ | ७७.७८ | १००.०० |
| २०६९ | ९ | ८ | १७ | ७ | ८ | १५ | ७७.७८ | १००.०० |
| २०७० | ७ | १७ | २४ | ५ | १६ | २१ | ७१.४३ | ९४.१२ |
| २०७१ | ६ | १० | १६ | ५ | ९ | १४ | ८३.३३ | ९०.०० |
| २०७२ | ६ | २ | ८ | ५ | २ | ७ | ८३.३३ | १००.०० |

स्रोत : विद्यालय रेकर्ड तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका अनुसार शैक्षिक सत्र २०६८ मा कक्षा १ मा परीक्षामा सहभागि जम्मा राउटे विद्यार्थीहरू मध्ये ७७.७८ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा राउटे समुदायका ७७.७८ प्रतिशत, २०७० मा ७१.४३ प्रतिशत, २०७१ मा ८३.३३ प्रतिशत र २०७२ मा पनि ८३.३३ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ भने अन्य समुदायका कक्षा १ मा २०६८ सालमा परीक्षामा सहभागि सबै विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा शतप्रतिशत, २०७० मा ९४.१२ प्रतिशत, २०७१ मा ९०.०० प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । यसरी कक्षा १ को शैक्षिक उपलब्धि राउटे समुदायका बालबालिकाहरूको भन्दा अन्य समुदायका बालबालिकाहरूको राम्रो रहेको पाईन्छ ।





चित्र ९ : कक्षा १ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि

**तालिका १६ : कक्षा २ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि**

| शैक्षिक सत्र | परिक्षामा सहभागी विधार्थी संख्या | | | उर्त्तिण विधार्थी संख्या | | | उर्त्तिण विधार्थी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | राउटे | अन्य | जम्मा | राउटे | अन्य | जम्मा | राउटे | अन्य |
| २०६८ | ९ | ५ | १४ | ७ | ५ | १२ | ७७.७८ | १००.०० |
| २०६९ | ४ | ८ | १२ | ३ | ७ | १० | ७५.०० | ८७.५० |
| २०७० | ७ | १२ | १९ | ६ | ११ | १७ | ८५.७१ | ९१.६७ |
| २०७१ | ८ | १३ | १९ | ६ | १२ | १८ | ७५.०० | ९२.३१ |
| २०७२ | ८ | ५ | १३ | ७ | ५ | १२ | ८७.५० | १००.०० |

स्रोत : विद्यालय रेकर्ड तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका अनुसार शैक्षिक सत्र २०६८ मा कक्षा २ मा परीक्षामा सहभागि जम्मा राउटे विद्यार्थीहरू मध्ये ७७.७८ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा राउटे समुदायका ७५ प्रतिशत, २०७० मा ८५.७१ प्रतिशत, २०७१ मा ७५ प्रतिशत र २०७२ मा पनि ८७.५० प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ भने अन्य समुदायका कक्षा २ मा २०६८ सालमा परीक्षामा सहभागि सबै विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा ८७.५० प्रतिशत, २०७० मा ९१.६७ प्रतिशत, २०७१ मा ९२.३१ प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । यसरी कक्षा २ को शैक्षिक उपलब्धि राउटे समुदायका बालबालिकाहरूको भन्दा अन्य समुदायका बालबालिकाहरूको राम्रो रहेको पाईन्छ ।





चित्र १० : कक्षा २ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि

**तालिका १७ : कक्षा ३ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि**

| शैक्षिक सत्र | परिक्षामा सहभागी विधार्थी संख्या | | | उर्त्तिण विधार्थी संख्या | | | उर्त्तिण विधार्थी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | राउटे | अन्य | जम्मा | राउटे | अन्य | जम्मा | राउटे | अन्य |
| २०६८ | ९ | ५ | १४ | ८ | ५ | १३ | ८८.८९ | १००.०० |
| २०६९ | ५ | ९ | १४ | ४ | ८ | १३ | ८०.०० | ८८.८९ |
| २०७० | ८ | ३ | ११ | ७ | ३ | १० | ८७.५० | १००.०० |
| २०७१ | ७ | ५ | १२ | ७ | ५ | १२ | १००.०० | १००.०० |
| २०७२ | ८ | ३ | ११ | ८ | ३ | ११ | १००.०० | १००.०० |

स्रोत : विद्यालय रेकर्ड तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका अनुसार शैक्षिक सत्र २०६८ मा कक्षा ३ मा परीक्षामा सहभागि जम्मा राउटे विद्यार्थीहरू मध्ये ८८.८९ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा राउटे समुदायका ८०.०० प्रतिशत, २०७० मा ८७.५० प्रतिशत, २०७१ मा शत प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ भने अन्य समुदायका कक्षा ३ मा २०६८ सालमा परीक्षामा सहभागि सबै विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा ८८.८९ प्रतिशत, २०७० मा शत प्रतिशत, २०७१ मा शत प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । यसरी कक्षा ३ को शैक्षिक उपलब्धि राउटे समुदायका बालबालिकाहरूको भन्दा अन्य समुदायका बालबालिकाहरूको राम्रो रहेको पाईन्छ ।





चित्र ११ : कक्षा ३ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि

**तालिका १८ : कक्षा ४ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि**

| शैक्षिक सत्र | परिक्षामा सहभागी विधार्थी संख्या | | | उर्त्तिण विधार्थी संख्या | | | उर्त्तिण विधार्थी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | राउटे | अन्य | जम्मा | राउटे | अन्य | जम्मा | राउटे | अन्य |
| २०६८ | ८ | ४ | १२ | ७ | ४ | ११ | ८७.५० | १००.०० |
| २०६९ | ४ | ७ | ११ | ३ | ६ | ९ | ७५.०० | ८५.७१ |
| २०७० | ९ | १० | १९ | ७ | ९ | १६ | ७७.७८ | ९०.०० |
| २०७१ | ९ | ५ | १४ | ८ | ५ | १३ | ८८.८९ | १००.०० |
| २०७२ | ४ | ३ | ७ | ४ | ३ | ७ | १००.०० | १००.०० |

स्रोत : विद्यालय रेकर्ड तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका अनुसार शैक्षिक सत्र २०६८ मा कक्षा ४ मा परीक्षामा सहभागि जम्मा राउटे विद्यार्थीहरू मध्ये ८७.५० प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा राउटे समुदायका ७५.०० प्रतिशत, २०७० मा ७७.७८ प्रतिशत, २०७१ मा ८८.८९ प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ भने अन्य समुदायका कक्षा ४ मा २०६८ सालमा परीक्षामा सहभागि सबै विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा ८५.७१ प्रतिशत, २०७० मा ९०.०० प्रतिशत, २०७१ मा शत प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । यसरी कक्षा ४ को शैक्षिक उपलब्धि राउटे समुदायका बालबालिकाहरूको भन्दा अन्य समुदायका बालबालिकाहरूको राम्रो रहेको पाईन्छ ।





चित्र १२ : कक्षा ४ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि

### तालिका १९ : कक्षा ५ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि

| शैक्षिक सत्र | परिक्षामा सहभागी विधार्थी संख्या | | | उर्त्तिण विधार्थी संख्या | | | उर्त्तिण विधार्थी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | राउटे | अन्य | जम्मा | राउटे | अन्य | जम्मा | राउटे | अन्य |
| २०६८ | ८ | ३ | ११ | ७ | ३ | १०० | ८७.५० | १००.०० |
| २०६९ | २ | ७ | ९ | २ | ६ | ८ | १००.०० | ८५.७१ |
| २०७० | ३ | ५ | ८ | २ | ५ | ७ | ६६.६७ | १०० |
| २०७१ | ६ | ७ | १३ | ५ | ६ | ११ | ८३.३३ | ८५.७१ |
| २०७२ | ५ | ५ | १० | ४ | ५ | ९ | ८० | १०० |

स्रोत : विद्यालय रेकर्ड तथा स्थलगत अध्ययन, २०७३ ।

तालिका अनुसार शैक्षिक सत्र २०६८ मा कक्षा ५ मा परीक्षामा सहभागि जम्मा राउटे विद्यार्थीहरू मध्ये ८७.५० प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा राउटे समुदायका १००.०० प्रतिशत, २०७० मा ६६.६७ प्रतिशत, २०७१ मा ८३.३३ प्रतिशत र २०७२ मा पनि ८०.०० प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ भने अन्य समुदायका कक्षा ५ मा २०६८ सालमा परीक्षामा सहभागि सबै विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । त्यसैगरी शैक्षिक सत्र २०६९ मा ८५.७१ प्रतिशत, २०७० मा शत प्रतिशत, २०७१ मा ८५.७१ प्रतिशत र २०७२ मा पनि शत प्रतिशत विद्यार्थी उत्तिर्ण भएको पाईन्छ । यसरी कक्षा ५ को पनि शैक्षिक उपलब्धि राउटे समुदायका बालबालिकाहरूको भन्दा अन्य समुदायका बालबालिकाहरूको राम्रो रहेको पाईन्छ ।




**चित्र १३ : कक्षा ५ को राउटे बालबालिका र अन्य समुदायका बालबालिकाहरूको ५ बर्षको शैक्षिक उपलब्धि**

यसरी राउटे बालबालिकाहरूको शैक्षिक उपलब्धि अन्य समुदायका बालबालिकाहरूको तुलनामा त्यति सन्तोषजनक रहेको पाइदैन । राउटे बालबालिकाहरूको शैक्षिक उपलब्धि अन्य समुदायका बालबालिकाहरूको तुलनामा न्यून हुनुमा राउटे समुदायका अभिभावकहरू साक्षर नहुनु, नियमित रूपमा विद्यालय नआउनु, नेपाली भाषा राम्रो सँग बुझ्न नसक्नु र अन्य समुदायका मानिसहरू सँग राम्रो बोलचाल र घुलमिल हुन नसक्नु प्रमुख कारण रहेको वि.पि प्राथमिक विद्यालयका प्रधानाध्यापक कलावती पाण्डेले बताउनु भयो । यसरी अन्य समुदायका बालबालिकाहरूको तुलनामा राउटे बालबालिकाहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाईन्छ ।

# अध्याय छ : सारांश, निष्कर्ष तथा सुझावहरू

यस अध्यायमा अध्ययनको सारांश, निश्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

प्रस्तुत शोध डडेल्धुरा जिल्लाको परशुराम नगरपालिका वडा नं १२ आमपानी गाँउमा बसोबास गर्ने राउटे समुदायको शैक्षिक अवस्थासँग सम्बन्धित रहेको छ । परापूर्वकालदेखि नै नेपालको चुरे तथा महाभारत श्रेणी आसपासका जिल्लाहरूमा घुमन्ते रूपमा बसोबास गर्दै आएको समुदाय डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकामा भने स्थायी रूपमा बसोबास गर्दै आएका छन् । यो समुदायको बारेमा खासै अध्ययन अनुसन्धान नभएको र उनीहरूको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक स्थिति के कस्तो छ भन्ने कुराको खोजी गरिने हुँदा यसलाई समस्याको रूपमा लिइएको छ ।

यो अध्ययनले लोपोन्मुख समुदायको बारेमा थोरै भएपनि जानकारी गराउने हुनाले औचित्यपूर्ण रहेको छ । यो अध्ययनको साधारण उद्देश्य राउटे समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थाको लेखाजोखा गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरू राउटे समुदायको जनसाङ्ख्यिक अवस्थाको पहिचान गर्ने, पेसागत बनोटको विश्लेषण गर्ने तथा शैक्षिक स्थितिको लेखाजोखा गर्ने रहेको छ । डडेल्धुराको साथै दाङ जिल्लाको विभिन्न स्थानमा राउटे समुदायको बसोबास रहेतापनि यो अध्ययन डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाको वडा नं. १२ आमपानी गाँउमा बसोबास गर्ने राउटे समुदायमा अध्ययन सीमित रहेको छ ।

यो शोधकार्यको अध्ययन क्षेत्र डडेल्धुरा जिल्लाको परशुराम नगरपालिका हो । अध्ययन क्षेत्रको छनोट अध्ययनकर्ताको स्वविवेकमा गरिएको हो । परशुराम नगरपालिकाका को वडा नं. १२ मा गरी कुल ३६ घरधुरी राउटे समुदायका मानिसहरूको बसोबास रहेको छ । यिनै ३६ घरधुरी राउटेहरू नै यस अध्ययनको जनसङ्ख्या हो । प्राथमिक तथ्याङ्कमा आधारित रहेको यो अध्ययनमा आवश्यकता अनुसार द्वितीयक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको स्थलगत अवलोकन गरी अन्तर्वार्ता सूची तथा प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्याङ्कको संकलन गरिएको छ भने विभिन्न प्रकाशित एवं अप्रकाशित साहित्यबाट आवश्यकता अनुसार द्वितीयक तथ्याङ्क लिइएको छ । यसरी प्राथमिक एवं

द्वितीयक स्रोतबाट संकलन गरिएको तथ्याङ्कलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

सुदुरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलका ४ वटा जिल्लाहरू मध्ये डडेल्धुरा जिल्ला पनि एक हो । जिल्लामा १८ वटा गाउँ विकास समिति र २ वटा नगरपालिका रहेका छन् । जसमध्ये परशुराम नगरपालिका पनि एक हो । यस नगरपालिका भित्र विभिन्न जातजातिको बसोबास रहेको छ । जसमध्ये राउटे समुदाय पनि एक हो । यही परशुराम नगरपालिकाको वडा नं. १२ मा बसोबास गर्ने राउटे समुदायको अध्ययनमा यो शोधकार्य केन्द्रित रहेको छ ।

परशुराम नगरपालिकामा बसोबास गर्ने राउटेहरू मध्ये ४७.३६ प्रतिशत पुरुष र ५२.६४ प्रतिशत महिला रहेको पाईन्छ । उमेर समूह अनुसार हेर्दा ०-९ वर्ष उमेर समूहको जनसंख्या धेरै रहेको पाईन्छ । त्यसैगरी राउटे समुदायको आर्थिक रूपले सक्रिय जनसंख्या ५८.५८ प्रतिशत रहेको र जनसंख्याको आश्रित भार ४१.४२ प्रतिशत रहेको पाईन्छ । जीविकोपार्जनको लागि राउटे समुदायले विभिन्न पेशा व्यवसाय अपनाइएको पाईन्छ । कृषिका साथै पशुपालन यो समुदायको मुख्य पेशा रहेको पाईन्छ । यो समुदायका ५१.९२ प्रतिशत मानिस कृषि पेसा संलग्न भएको पाईन्छ । त्यसैगरी १४.३१ प्रतिशत व्यापार तथा ज्याला मजदुरी व्यवसायमा संलग्न भएको पाईन्छ । यो समुदायबाट सरकारी सेवा तथा वैदेशिक रोजगारमा जानेको संख्या भने न्यून रहेको पाईन्छ ।

यो समुदायको आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन रहेको पाईन्छ । यो समुदायका ४६.०६ प्रतिशत मानिसको आम्दानीको स्रोत कृषि तथा पशुपालन रहेको पाईन्छ । त्यसैगरी ३९.४४ प्रतिशतको ज्याला मजदुरी नै आम्दानीको मुख्य स्रोत रहेको पाईन्छ भने ६.०७ प्रतिशतको व्यापार व्यवसाय र ५.३ प्रतिशतको परम्परागत पेसा काठको ठेकी र अन्य चिज बनाउने रहेको छ । कृषि तथा पशुपालन राउटे समुदायको मुख्य पेशा भएता पनि कृषि उत्पादनबाट वर्ष भरी निर्वाह गर्न नपुग्ने गरेको पाईन्छ । यो समुदायको ५८.३३ प्रतिशत घरधुरीलाई खाद्यान्न उत्पादनले ९ महिनासम्म खान पुग्ने, २२.२२ प्रतिशत घरधुरीलाई ३ महिनासम्म र १९.४५ प्रतिशत घरधुरीलाई कृषि उत्पादनले ६ महिनासम्म खानपुग्ने गरेको पाईन्छ । कृषि उत्पादनबाट निर्वाह नहुने समयको लागि खाद्यान्न जोहो व्यापार व्यवसाय तथा ज्याला मजदुरीबाट गर्ने गरेको पाईन्छ । यसरी मध्य पहाडी भेगमा बसोबास गर्ने

राउटे समुदायको आफ्नै भाषा, भेषभूषा, मुल्य मान्यता, संस्कार र संस्कृति रहेको, अन्य समुदायको तुलनामा साक्षरता दर न्यून (१९.२५%) रहेको, कृषि तथा पशुपालन मुख्य पेशा तथा जीविकोपार्जनको माध्यम रहेको कृषि उत्पादनबाट ६ महिनासम्म पनि निर्वाह नहुने निष्कर्ष निकालिएको छ ।

राउटे समुदायमा विद्यालय शिक्षाको प्रचलन रहेता पनि १९.२५ प्रतिशत मात्र साक्षर रहेको पाईन्छ । यो समुदायको पुरुष साक्षरता दर २७.३१ प्रतिशत र महिला साक्षरता दर ११.३७ प्रतिशत रहेको पाईन्छ । तहगत रूपमा हेर्दा यो समुदायका ५४.७१ प्रतिशतले प्राथमिक शिक्षा, ८.४५ प्रतिशतले माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको पाईन्छ । यो समुदायमा उच्च शिक्षा हासिल गर्नेको संख्या भने ज्यादै न्यून रहेको पाईन्छ । यो समुदायमा पढाईलेखाइलाई खासै प्राथमिकता नदिने भएका कारण थोरै मात्र राउटे बालबालिकाहरू विद्यालय भर्ना हुने गरेका र विद्यालय भर्ना भएका राउटे बालबालिकाहरू पनि तह पुरा नगरी पढाई बिचैमा छोड्ने दर धेरै रहेको पाईन्छ । त्यसै गरी अन्य समुदायका बालबालिकहरूको तुलनामा राउटे समुदायका बालबालिकाहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाईन्छ । यो समुदायको आर्थिक एवं शैक्षिक अवस्था अन्य समुदायको तुलनामा न्यून रहेकाले शैक्षिक स्तर उकास्न तथा आर्थिक अवस्थामा सुधार गर्न नेपाल सरकारले विशेष प्राथमिकता दिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाको आमपानी गाउँमा बर्षौ देखि स्थायी रूपमा बसोबास गर्दै आएका राउटेहरूको एउटा समुह दाङ् तथा प्युठान जिल्लाको सिमानाका जंगलहरूमा अझै पनि घुमन्ते रूपमा जंगली अवस्थामा जीवन निर्वाह गर्दै आएका छन् । तर यो अध्ययन डडेल्धुरा जिल्लाको परशुराम नगरपालिका अर्न्तगत पर्ने आमपानी गाउँमा स्थायी रूपमा बसोबास गर्दै आएका राउटे समुदायको शैक्षिक अवस्थासँग सम्बन्धि रहेको छ । राउटे समुदायको शैक्षिक अवस्थाको अध्ययन गरिसकेपछि तपसिलको निर्श्कष निकालिएको छ ।

राउटे समुदायको आफ्नै भाषा, भेषभुषा, रहनसहन, मूल्य, मान्यता, संस्कार र संस्कृति रहेको र नेपाल सरकारले पनि लोपोउन्मुख जातिको रुपमा सुचिकृत गरेको भएता पनि आमपानी गाउँमा बसोबास गर्ने राउटेहरूको संख्या एकिन भएतापनि देशका अन्य भागमा शाही थर

लेखाउने गरेकाकारण उनीहरूको वास्तविक जनसङ्ख्या कति छ भनेर एकिन हुन सकेको पाईदैन । परशुराम नगरपालिकाको वडा नं. १२ मा गरी ३६ घरघुरी राउटे समुदायको बसोबास रहेको र उनीहरूको कुल जनसङ्ख्या २०९ जना रहेको पाईन्छ । जसमा पुरुष ४७.३६ प्रतिशत र महिला ५२.६४ प्रतिशत रहेको पाईन्छ । यो समुदायको ५८.५८ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेको र ४१.४२ प्रतिशत जनसङ्ख्या आश्रित रहेको पाईन्छ । राउटे समुदायको मुख्य पेशा कृषि तथा पशुपालन भए तापनि उनीहरूको पेशामा विस्तारै परिर्वतन आउदै गएको, अहिले यो समुदायका अधिकाशं मानिसहरू व्यापार व्यवसाय तथा ज्यालामजदुरीमा संग्लन भएको ।

राउटे समुदायमा शिक्षा प्रति खासै चाख नभएका कारण ठूलो सङ्ख्यामा राउटेहरू निरक्षर रहेको, समुदायको जम्मा १९.२५ प्रतिशत जनसङ्ख्या मात्र शिक्षित रहेको पाईन्छ । विद्यालय शिक्षाको लागि विद्यालय भर्ना भएका राउटे बालबालिकाहरूमध्ये पनि अधिकाशंले तह नै पार नगरी पढाई छाड्ने गरेका कारण उच्च शिक्षा हासिल गर्नेको सङ्ख्या ज्यादै न्यून रहेको पाईन्छ । यो समुदायमा शिक्षालाई भन्दा पनि कृषि तथा ज्यालामजदुरीलाई बढी प्राथमिकता दिने प्रचलन रहेका कारणले साक्षरता दर कम रहेको पाईन्छ ।

## ६.३ सुझावहरू

पश्चिम नेपालको डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाको वडा नं १२ आमपानी गाउँमा बसोबास गर्ने राउटे समुदायको शैक्षिक अवस्थाको स्थलगत अध्ययनबाट संकलित तथ्याङ्कहरूको आधारमा राउटे समुदायको शैक्षिक अवस्थामा सुधार ल्याउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.३.१ नितिगत तह

राउटे समुदायमा पनि विस्तारै आधुनिकताको प्रभाव पर्दै गएको उनीहरूको मौलिक पेशा, रहनसहन, भेषभुषा तथा परम्परामा परिर्वतन आउदै गएकाले नेपाल सरकारले राउटे समुदायको मौलिक पेशा तथा संस्कृति संरक्षण सम्बन्धि संरक्षण नीति बनाउनु पर्ने ।

राउटे समुदायमा साक्षरता दर अत्यन्त न्यून रहेकाले उनीहरूलाई साक्षर बनाउन उनीहरूको पहूँचमा विद्यालयको स्थापना गर्ने, उच्च शिक्षा सम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने तथा छात्रवृत्तिको व्यवस्था गर्ने गरी शैक्षिक नीतिमा सुधार ल्याउनु पर्दछ ।

### ६.३.२ अभ्यास तह

जिल्ला विकास समिति तथा जिल्ला शिक्षा कार्यालयले राउटे समुदायका बालबालिकाहरूलाई लक्षित गरी शैक्षिक सामग्रीको वितरण गर्नुपर्ने ।

राउटे समुदायका अभिभावकहरूलाई साक्षर बनाउन नेपाल सरकारले राउटे समुदायलाई लक्षित गरी विशेष साक्षरता कार्यक्रम संञ्चालन गर्नुपर्ने ।

### ६.३.३ अनुसन्धान तह

यो अध्ययन छोटो समयमा सञ्चालन गरिएको हुँदा यसका प्राप्तिहरू पनि सीमित रहेका छन् तसर्थ यसको नतिजालाई अयन्त्र सामान्यिकरण गर्दा नमिल्न सक्छ । त्यसैले त्यस सम्बन्धमा ठूलो जनसङ्ख्यामा लामो समय लगाएर थप अनुसन्धान गर्न आवश्यक देखिन्छ । राउटे समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था, शिक्षा प्रति राउटे समुदायको दृष्टिकोण, राउटे समुदायको शिक्षामा पहूँचको स्थिति, राउटे समुदायको आर्थिक अवस्थाले बालबालिकाहरूको शैक्षिक उपलब्धिमा पारेको प्रभाव  आदि शिषर्कमा यस्तै प्रकारका थप अनुसन्धानका लागि सुझावहरू प्रस्तुत गरिएको छ ।

# सन्दर्भसूची


उदास, लक्ष्मी (२०५८), ***भोटे जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्थिति : एक समाजशास्त्रीय अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), ***राष्ट्रिय जनगणना प्रतिवेदन,*** **काठमाडौं** : केन्द्रीय तथ्याङ्क विभाग ।

खड्का, रमा (२०७३), ***मगर बालबालिकाहरुको शैक्षिक उपलब्धिमा घर र विद्यालय बीचको दुरीको प्रभाव :*** *धनकुटा जिल्ला मारेककटहर स्रोत केन्द्रको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, भूगोल शिक्षा विभाग, त्रि. वि कीर्तिपूर ।

खनाल, राजिव (२०७३), ***वादी समुदायका वालबालिकाहरुको शैक्षिक क्षेत्रमा पहूँच*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, भूगोल शिक्षा विभाग, त्रि. वि कीर्तिपूर ।

खनाल, पेशल (२०७०), ***शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौं*** : सनलाइट पब्लिकेशन प्रा.लि. कीर्तिपुर ।

चौधरी, वसन्तप्रकाश (२०७१), *थारु* ***बालबालिकाको विद्यालय पहुँचको नक्साङ्कन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, भूगोल शिक्षा विभाग, त्रि. वि कीर्तिपूर ।

जि.वि.स. (२०६८), ***जिल्ला पार्श्वचित्र,*** जिल्ला विकास समितिको कार्यालय डडेल्धुरा ।

तामाङ, दावा (२०६९), ***तामाङ जातिको आर्थिक एवं शैक्षिक अवस्था सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गा.वि.स.को एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

नेपाल सरकार (२०३१), ***मेची महाकाली भाग ४,*** काठमाडौं : सुचना तथा संञ्चार विभाग ।

पाँडे, रामकुमार (२०६६), ***नेपालको मानव भूगोल*** : काठमाडौं, रत्न पुस्तक भण्डार ।

भट्ट, कृष्णमुरारीप्रसाद (२०७२), ***श्रीनगर गाउँ विकास समितिका कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था,*** अप्रकाशित स्नातकोत्तर

शोधपत्र, शिक्षाशास्त्र संकाय, भूगोल शिक्षा विभाग, त्रि. वि कीर्तिपूर ।

रोक्का, मगर भुवन (२०६८), ***मगर जातिको आर्थिक अवस्था र यसले विद्यालयमा शिक्षामा पारेको प्रभाव ओखलढुङ्गा जिल्लाको गाम्नाङ्गटार गा.वि.स.का मगर समुदायको एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

विष्ट, डोरबहादुर (२०६८), ***सबै जातको फुलबारी,*** साझा प्रकाशन, काठमाडौं ।

शर्मा, गोपीनाथ (२०६८ चौथो संस्करण), ***नेपालमा शिक्षाको इतिहास,*** भाग-१, मकालु प्रकाशन काठमाडौ ।

शर्मा, नगेन्द्र (२०६३), ***नेपाली जनजीवन,*** साझा प्रकाशन, काठमाडौं ।

## अनुसूची : १

## राउटे समुदायको शैक्षिक अवस्था सम्बन्धी अनुसन्धानका लागि तयार पारिएको

## अन्तर्वार्ता सूचि

नाम :   ……………………………….   ठेगाना : ……………………………………….
लिङ् : …………………………………   उमेर : ……………………………………………

**क) जनसाङ्ख्यिक अवस्था**

१. तपाईहरुको मुलथलो यही हो कि अन्यत्र बाट बसाई सरी आउनु भएको हो ?

……………………………………………………………………………………………………………

२. यदि अन्य स्थान बाट बसाई सरी आएको भए कहाँ बाट कहिले आउनु भएको हो ?

……………………………………………………………………………………………………………

३. तपाईहरुको समुदायको अयन्त्र कहाँ कहाँ बसोबास रहेको छ ?

……………………………………………………………………………………………………………

४. तपाईको समुदाय भित्र पनि थरको विभाजन हुन्छ की एउटै थर लेख्ने गर्नु हुन्छ ?

……………………………………………………………………………………………………………

५. तपाईको परिवारमा कति जना हुनुहुन्छ ?

पुरुष : …………….. .महिला :  …………….. जम्मा  : ………………

६. उमेर अनुसार पारिवारीक विवरण

| **घरमुली संगको नाता** | **उमेर** | **पेशा** | **शिक्षा** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७. तपाईको परिवार  एकल वा संयुक्त कस्तो हो ?

क. एकल                    ख. सयुक्त

९) विस्तृत पारिवारीक विवरण :

घरमूलीको नाम :

| क.स | नाम | लिङ्ग | उमेर | वैवाहिक स्थिति<br>भयो । भएन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**ख) आर्थिक  अवस्था**

८. तपाईको जिवन निर्वाह गर्ने मुख्य पेशा वा स्रोत के होला  ?

क) कृषि          ख) व्यापार                  ग) नोकरी

अन्य (उल्लेख गर्ने )..........................................................

९. तपाईको आफ्नै जग्गा जमिन छ कि अरुको जग्गा मा कमाई गर्ने गर्नुहुन्छ ?

आफ्नो आफैले कमाएको कति.....................................

आफ्नो जमिन नभएको अरुको कमाएको  .....................................

आफ्नो अरुलाई कमाउन दिएको.....................................

१०. चल अचल सम्पति के के छ ?

........................................................................................................

११. शौचालय कच्चि छ कि पक्कि छ ?

..........................................................................................................

१२. सूचनाको माध्यम तपाईसंग के छ ?

क. रेडियो २. टि.भि. ३. मोबाईल फोन ४. माथिका सबै

१३. तपाईले गर्ने कृषि उत्पादनले कति समय खान पुग्छ ?

क. ३ महिना सम्म ख. ६ महिना सम्म

ग. ९ महिना सम्म घ. वर्षैभरि तथा बेच्न समेत

**ग) शैक्षिक अवस्था**

१४. तपाईले कति पढ्नु भएको छ ?

.....................................................................................................................

१५. तपाईले आफ्ना बालबच्चाहरुलाई पढ्नको लागि विद्यालय पठाउने गर्नु भएको ?

क) गरेको छु ख) गरेको छैन

१६. पढ्न पठाउने गरेको भए पढ्नको लागि कहाँ पठाउने गर्नु भएको छ ?

.....................................................................................................

१७. यदी नपठाउनु भएको भए त्यसको कारण बताइदिनु न ?

.....................................................................................................

१८. सबै बालबालिका पढ्न जान्छन् कि जादैनन् ?

.................................................................................................

१९. यदि जादैनन् भने किन ?

...............................................................................................

२०. यहाँ बाट विद्यालय कति टाढा रहेको छ ?

.....................................................................................................

२१. तपाईका बालबच्चाहरु विद्यालय पुग्न कति समय लाग्ने गर्दछ ?

.....................................................................................................

२२. तपाईका बालबच्चाहरु विद्यालय पुग्दा के कस्ता भौगोलिक अवरोधहरु पार गर्नु पर्दछ ?

.....................................................................................................

२३. तपाईहरुले बोल्ने भाषा अरु समुदायका मानिसहरुले पनि बुझ्न सक्छन् ?

.....................................................................................................

२४. अन्य समुदायका मानिसहरुले तपाईहरु प्रति कस्तो व्यवहार गर्छन् र तपाईहरुलाई कुन रुपमा हेर्ने गर्दछन् ?

.....................................................................................................

२५. तपाईको समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक स्तरमा सुधार ल्याउनको लागि राज्य सरकारले के के गरिदियो भन्ने चाहनु हुन्छ ?

..........................................................................................................

............. धन्यवाद .........

## अनुसुची २

## समाजसेवी, बुद्धिजीवी, राजनैतिक दलका प्रतिनिधि तथा अन्य समुदायका मानिसहरु सँग गरिने

## छलफलका बुँदाहरु

१. यस स्थानमा राउटे समुदायले कहिले देखि बसोबास गर्दै आएका छन् ?

..........................................................................................................

२. राउटेका बालबालिका स्कुल जान्छन् जादैनन् ? जादैनन् भने किन ?

...........................................................................................................

३. राउटेको आर्थिक अवस्था कस्तो रहेको छ ?

..........................................................................................................

४. राउटे बालबालिका विद्यालयमा नआउनुको प्रमुख कारण के हो ?

...........................................................................................................

५. के के  पेशा व्यवसाय गरेर जीवन निवार्ह गर्दै आएका छन् ?

..........................................................................................................

६. तपाईहरु राउटे समुदायका मानिसहरुको काम गर्न पनि जाने गर्नु हुन्छ ?
(कामको दोहोरो आदनप्रदान हुने गर्दछ ? )

..........................................................................................................

७. तपाईहरुले बोल्ने भाषा उनीहरुले सहजै बुझ्न र बोल्न  सक्छन् ?

..........................................................................................................

८. तपाईहरुले राउटे समुदाय मानिसहरु प्रति कस्तो व्यवहार गर्नु हुन्छ र उनीहरुलाई कुन रुपमा हेर्ने गर्नु हुन्छ ?

..........................................................................................................

९. शिक्षा प्रति राउटे समुदायका मानिसहरुको कस्तो धारणा रहेको छ ?

..........................................................................................................

१०. तपाईको विचारमा राउटे समुदायका मानिसहरुको आर्थिक तथा शैक्षिक स्थितिमा सुधार ल्याउन के गर्नु पर्ला ?

..........................................................................................................

.............. धन्यवाद ........

## अनुसुची ३

### विद्यालयका प्र.अ/शिक्षकका लागि प्रश्नावली

१. यस विद्यालयमा पढ्नको लागि कहाँ कहाँबाट विद्यार्थीहरु आउने गर्दछन् ?

..........................................................................................................

२. राउटे समुदायका बालबच्चाहरु पनि यस विद्यालयमा पढ्नको लागि आउने गर्दछन् ? कति सख्यांमा कति कति कक्षामा पढ्छन् ?

.........................................................................................................

३.अन्य बालबालिका र राउटे बालबालिकाहरुको शैक्षिक उपलब्धिमा कत्तिको भिन्नता रहेको छ ?

.........................................................................................................

४. राउटे बालबालिकाहरुले नेपाली भाषा सजिलै बुझ्न र बोल्न सक्दछन् ?

.........................................................................................................

४.राउटे बालबालिकाहरुको ५ बर्षको कक्षागत विवरण

| **शैक्षिक सत्र** | **२०६९** | | **२०७०** | | **२०७१** | | **२०७२** | | **२०७३ मा भर्ना भएको** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | जम्मा विद्यार्थी | राउटे विद्यार्थी | जम्मा विद्यार्थी | राउटे विद्यार्थी | जम्मा विद्यार्थी | राउटे विद्यार्थी | जम्मा विद्यार्थी | राउटे विद्यार्थी | जम्मा विद्यार्थी | राउटे विद्यार्थी |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

५. राउटे समुदाय र अन्य समुदायका विद्यार्थीहरुको ५ वर्षको शैक्षिक उपलब्धि

| कक्षा | भर्ना संख्या | परिक्षामा सम्मलित | उर्त्तिण | विचैमा छोड्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

.............. धन्यवाद .........